# लेखापरीक्षण प्रतिवेदन

## देवानगञ्ज गाउँपालिका, सुनसरी

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# देवानगञ्ज गाउँपालिका, सुनसरी

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन
गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय
लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्र्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्र्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/651

श्रीमान् अध्यक्षज्यू,
देवानगञ्ज गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
देवानगञ्ज, सुनसरी।

**विषय - लेखापरीक्षण प्रतिवेदन।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम तहाँ पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको अन्तिम लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरीपठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/651

श्रीमान् अध्यक्षज्यू,
देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
देवानगञ्ज, सुनसरी।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले तहाँ गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीतर्फको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु.१ अर्ब २७ करोड ९१ लाख ६५ हजार लेखापरीक्षण गर्दा रु.१० करोड १० लाख ४२ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.५७ हजार फर्स्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.४३ लाख ९६ हजार, नियमित गर्नुपर्ने रु.२ करोड २३ लाख ६२ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु.७ करोड ४२ लाख २७ हजार गरी जम्मा रु.१० करोड ९ लाख ८५ हजार बाँकी रहेको छ। गत वर्षसम्म रु.३० करोड ९२ लाख ६५ हजार मध्ये रु.८ लाख फर्स्यौट भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजु रु.४० करोड ९४ लाख ४९ हजार बाँकी रहेको छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३.अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी

स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।



( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७३ | १३० | १०,१०,४१,५५६ | ० | २ | ५६,६८० | ० | ७३ | १२८ | १०,०९,८४,८७६ | ४३,९५,७०७ | २,२३,६२,०८९ | ७,४२,२७,०८० | ० | ० | ९,६५,८९,१६९ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सुनसरी | ३०,९२,६४,५८४ | ० | ८,००,२२० | ३०,८४,६४,३६३ | ० | १०,०९,८४,८७६ | ४०,९४,४९,२३९ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण | | | | |
| १ | २०८१/८२ | २२ | मोवाइल खरिद | ४९,९९० |
| २ | २०८१/८२ | ५१ | पारिश्रमिक कर | ६,६९० |
| | | | जम्मा | **५६,६८०** |
| गत विगत आर्थिक वर्षको सम्परीक्षणबाट लगत कट्टा भएको | | | | |
| १ | २०८०/८१ | ७६ | अनुगमन भत्ता | ४६,७५० |
| २ | २०८०/८१ | ७९ | पदाधिकारीको चाडपर्व खर्च | ४,३०,६५० |
| ३ | २०८०/८१ | ८० | यातायात सुविधा सम्बन्धमा | २,८५,१२० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | २०८०/८१ | ८१ | भ्रमण खर्च | ३७,७०० |
| | | | **जम्मा** | **८,००,२२०** |
| | | | **कूल जम्मा** | **८,५६,९००** |

# देवानगञ्ज गाउँपालिका, सुनसरी

# ( ८०११४५०३३०० )

# देवानगन्ज गाउँपालिका , सुनसरी

# परिचय

१

**(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल ५३.५६ वर्ग किलोमिटर तथा ३५,०६८ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०७।१९ देखि २०८२।०७।२६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तरनिहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाको गत वर्षको मौज्दात समेत आय तर्फ रु.६६१४५१७२७।३२ र वर्षान्तको मौज्दात बाँकी समेत व्यय तर्फ रु.६६१४५१७२७।२६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.५५६६६८।० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | कृत्या नन्द यादवको पारिश्रमिक कर वापतको रु ६६९०। राजश्व भौचर नं ८८८५२४४४ मिति २०८२।७।२७ मा दाखिला भएको प्रमाण पेश । | ६६९० |
| २ | राजेन्द्र प्रसाद मेहताको पारिश्रमिक कर वापतको रु ११६००। राजश्व भौचर नं ८९४७११७२ मिति २०८२।८।११ मा दाखिला भएको प्रमाण पेश । | ११६०० |
| ३ | हुकुम लाल मेहताको पारिश्रमिक कर वापतको रु ९०००। राजश्व भौचर नं ८९४६५७९१ मिति २०८२।८।११ मा दाखिला भएको प्रमाण पेश । | ९००० |
| ४ | ट्युवेल खरिदमा उपभोक्ता समितिको साझेदाखरी वापतको रकम असुल गरी पालिकाको विविध खर्च खातामा मिति २०८२।०८।०७ मा दाखिला गरेको प्रमाण पेश । | ४६९२७८ |
| ५ | ट्युवेल खरिदमा उपभोक्ता समितिको साझेदाखरी वापतको रकम असुल गरी पालिकाको विविध खर्च खातामा मिति २०८२।०८।०७ मा दाखिला गरेको प्रमाण पेश । | ४८००० |
| ६ | सुरेश कुमार पण्डितको पारिश्रमिक कर वापतको रु १०६०० । राजश्व भौचर नं ९१०५५३८५ मिति २०८२।९।१४ मा दाखिला भएको प्रमाण पेश । | १०६०० |
| ७ | उमेश प्रसाद मेहताको पारिश्रमिक कर वापतको रु १५००। राजश्व भौचर नं ९१०५४५६५ मिति २०८२।९।१४ मा दाखिला भएको प्रमाण पेश । | १५०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय विवरण परिक्षण

२.१ वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७९।०८।२० मा नेपाल सरकारबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| सुरु मौज्दात | | | चालु खर्च | | २८६१४८३४१.७० |
| १. संचितकोष | ५५८४९१७.२९ | २२८८४६०१.५५ | १. पालिका तर्फ | ११४६९०८८.५० | |
| २.धरौटी | १४५१२८९३.२८ | | २. संघीय सशर्त | १६९५१७४५३.२० | |
| ३.कार्यसञ्चालन विविध कोष | ७७८५३४.९८ | | ३.प्रदेश सशर्त | १९४००००.०० | |
| ४.मर्मत सम्भार कोष | १८६३१६७.९८ | | पुँजीगत खर्च | | १५२९७५८२०.०० |
| ५.प्रकोप व्यवस्थापन | १४५०८८.०६ | | १. पालिका तर्फ | ९९०४२४४५.०० | |
| यस वर्षको आय | | | २. संघीय सशर्त | १७८०२४५६.०० | |
| १.आन्तरिक आय | २९०१४९८१.६७ | २९०१४९८१.६७ | ३. संघीय विशेष | | |
| २. वित्तीय हस्तान्तरण (संघ) | | ४१५३८७३१३.६० | ४. संघीय समपुरक | ७५०००००.०० | |
| क) समानीकरण अनुदान | १०६८०८६४०.०० | | ५. प्रदेशसशर्त | १९१३०९१९.०० | |
| ख) राजस्व बाँडफाँट | ८६२६५०६३.६१ | | ७. प्रदेश समपुरक | ९५०००००.०० | |
| ग) सशर्त अनुदान चालु | १९६२१३६१०.०० | | अन्तर सरकारी अख्तियारी (संघ) | | १३९२९७२४७.०० |
| घ) समपुरक अनुदान | ७५०००००.०० | | क) सामाजिक सुरक्षा | १२५७०९५४०.०० | |
| च) सशर्त अनुदान पुजिगत | १८६००००००.०० | | ख) श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २८२४००.०० | |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | | ३३२९१४२०.४२ | ग) रोजगार प्रवर्धन कार्यक्रम | ८२३५१.०० | |
| क) समानीकरण अनुदान | ७२६३०००.०० | | घ) एकिकृत स्वास्थ्य पुर्वधार विकास कार्यक्रम | १३२२२९५६.०० | |
| ख) राजस्व बाँडफाँट | ४३३८४२०.४२ | | धरौटी फिर्ता तथा सदर स्याहा | २२७५२९९०.०६ | २२७५२९९०.०६ |
| ग) सशर्त अनुदान चालु | २१९००००.०० | | क) कार्यसञ्चालन कोषबाट भएको खर्च | ११३१०२७०.०० | ११३१०२७०.०० |
| घ) समपुरक अनुदान | ९५०००००.०० | | अनुदान फिर्ता | | |
| ङ) सशर्त अनुदान पुजिगत | १००००००००.०० | | १. संघ तर्फ | | २७४९३७००.८२ |
| ४. **अन्तर सरकारी अख्तियारी (संघ)** | | १३९२९७२४७.०० | क) सशर्त अनुदान चालु | २६६९६१५६.८२ | |
| क) सामाजिक सुरक्षा | १२५७०९५४०.०० | | ख) सशर्त अनुदान पुजिगत | ७९७५४४.०० | |
| ख) श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २८२४००.०० | | २. प्रदेश तर्फ | | ६१९०८१.०० |
| ग) रोजगार प्रवर्धन कार्यक्रम | ८२३५१.०० | | क) सशर्त अनुदान पुजिगत | ६१९०८१.०० | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| घ) एकिकृत स्वास्थ्य पुर्वधार विकास कार्यक्रम | १३२२२९५६.०० | | अन्तिम मौज्दात | | २०८५४२७६.७२ |
| ७. धरौटी आय | ११२०७०७५.५७ | ११२०७०७५.५७ | १. संचित कोष | १५०१६१३२.१२ | |
| **८. कार्यसञ्चालन कोष आय** | | १०३६९०८७.४४ | २.धरौटी | २९६६९७८.७९ | |
| क) गहुँ विउ वितरण **50 प्रतिशत अनुदान** | ४९९८००.०० | | 3.विविधकोष खाता | १०५१०३८.७७ | |
| ख) धान विउ **50 प्रतिशत अनुदान** | ५४०९८०.०० | | 4.प्रकोप व्यवस्थापन | १४५०८८.०६ | |
| ग) मोटर खरिदमा **50 प्रतिशत अनुदान** | ३६३००३३.०० | | ५.मर्मत सम्भार कोष | १६७५०३८.९८ | |
| घ) क्यान्सर पीडितहरुको औषधि उपचार | ७३००००.०० | | | | |
| ङ) त्रिपक्षीय साझेदारीमा दमकल संचालन | ३६२२४५९.६१ | | | | |
| च) अपाङता भएका व्यक्तिहरुको जिविकोपार्जन कार्यक्रम | ९५८९०.०० | | | | |
| छ) अपाङ्गता भएका बालबच्चाहरुको कार्यक्रम | २४०००.०० | | | | |
| ज) जनश्रमदान | ३६३६१८.०० | | | | |
| झ) मर्मत सम्भार कोष | ४२५८०७.०० | | | | |
| ञ) सुचना प्रविधि तलब सोधभर्ना | ४३६४९९.८३ | | | | |
| **जम्मा** | **६६१४५१७२७.३०** | **६६१४५१७२७.३०** | **जम्मा** | **६६१४५१७२७.२६** | **६६१४५१७२७.२६** |

पालिकाको मलेप फाराम नं २७० अनुसारको वित्तीय विवरण अनुसूचीमा समावेश गरिएको छ ।

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२५७०९५४०।०, रोजगार प्रवर्द्धन कार्यक्रमको रु. ८२३५१, श्रम रोजगार तथा सामाजिक सुरक्षा कार्यक्रमको रु. २८२४०० र एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. १३२२२९५६ समेत गरी रु.१३९२९७२४७ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन ।

२.३ **फरक हिसाब–** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार

गत वर्षको जिम्मेवारी रु.६६३५८६।०, यस वर्षको प्राप्ति रु.१९००६४५४९।२१, यस वर्षको भुक्तानी रु.२०१५२३२८८।८४ र बैङ्क मौज्दात रु.१३०४८६५।८१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | २३५४८१८७.५५ | ४४८५०२५७६.४९ | ४३९०७४१६१.६६ | १९५४९४१०.९१ |
| एकीकृत आर्थिक विवरणअनुसार | २२८८४६०१.५५ | ६३८५६७१२५.७ | ६४०५९७४५०.५ | २०८५४२७६.७२ |
| फरक | ६६३५८६.०० | १९००६४५४९.२१ | २०१५२३२८८.८४ | १३०४८६५.८१ |

२.४ **फरक जिम्मेवारी** -पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको एकिकृत वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७०) तथा लेखापरीक्षण प्रतिवेदनअनुसार रु. २३५४८१८७।५५ मौज्दात रहेकोमा यो वर्ष रु. २२८८४६०१।५५ जिम्मेवारी सारेको छ । जस अनुसार यस वर्ष पेश भएको एकिकृत आर्थिक विवरण तथा लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ६६३५८६।०० घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२.५ **कर दायित्व —** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.३२८३।० देखाएको छ । कार्यालयले उक्त रकम सम्बन्धित आर्थिक वर्षमा नै दाखिला गर्नुपर्नेमा लेखापरीक्षण अवधिसम्म पनि दाखिला नगरेकोले उक्त रकम सम्बन्धित राजस्व खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२८३ |

२.६ **बजेट अवण्डा** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष समपुरक कोष, आ.व. २०८०।८१ को योजनाहरु सम्पन्न भएका तर भुक्तानी हुन नसकेको कार्यक्रम तथा योजनाहरु लगाएतका कार्यक्रममा रु.१०३५०००० अबण्डा बजेट व्यवस्था गरी विभिन्न १५ योजनामा रु. १०००००० खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

· बिभिन्न म ले प फा नं का अतिरिक्त आन्तरिक नियन्त्रण सम्वन्धित प्रयोजनका लागि निर्धारीत म. ले. प. फा नं. मध्ये सवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५, भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता ९०८, भ्रमण प्रतिबेदन ९०९ र भुक्तानी कारोबारको सिफारिस पत्र म.ले.प.फा.नं. २०२ प्रयोगको पूर्णरुपमा प्रयोगमा ल्याएको पाइएन ,

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति

प्रतिवेदन तयार गरेको पाईएन,
· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहँदा पूँजीगत खर्च निर्माणमुखी रहेको पाईएन,
· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,
· वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख PAMS र पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,
· जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,
· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,
· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,
· अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यवस्थाको पालना गरेको पाईएन,
· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता (म.ले.प.फा.नं. ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन,
· सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,
· सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एवं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन,
· वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाईएन,
· सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ तथा नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,
· फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थित रुपमा गरेको पाइएन भने स्थायी तथा वातावरण मैत्री डम्पिङ साइटको व्यबस्था गरेको पाईएन,
· प्रदेश निजामती सेवा ऐन बमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन,
· सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरुप सूचना प्रवाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाईएन,
· वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन ,
· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाईएन,
· सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पूर्णरुपमा लागु गर्नुपर्नेमा नगरेको कारण पालिकाको सम्पूर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मूल्य सम्वन्धमा एकिन गरेको पाइएन,
· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाईएन,
· गाउँपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकांश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,
· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाईएन,
· राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन, स्थानीय राजस्व व्यवस्थापन सूचना प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो

अनुसार गर्नेगरी पूर्णरुपमा कार्यान्वयनमा आएको पाइएन,
· स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक तयार गरेको पाईएन,
· दिगो विकास लक्ष्य (सन् २०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य भए गरेको पाईएन,
· स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाईएन,
· यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्र्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाईएन,
तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

४ **बजेट तथा कार्यक्रम**

४.१ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गर्नुपर्दछ ।

४.२ **बजेट सीमा निर्धारण समिति** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट बर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्नुपर्दछ ।

४.३ **रकमान्तर गरी खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत बजेटको सीमामा रहि कुनै शिर्षकबाट पूँजीगत शिर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २० मा कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकम अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा वढी अनुदान संकेत अन्तरगतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । पालिकाको बिनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन । कार्यपालिका तथा गाउँसभाको मिति २०८१।०९।२५ को निर्णयबमोजिम ८९ कार्यक्रम घटाई १०३ कार्यक्रममा बढाएर विभिन्न शिर्षकमा कुल रु. ५०८४५८०० रकमान्तर गरी अधिकांश शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको छ। पालिकाले बिनियोजन ऐनमा व्यवस्था नगरी एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गर्नु मनासिव देखिएन यसमा सुधार गर्नु पर्दछ ।

| क्र.स. | स्वीकृत आयोजना/ कार्यक्रमको नाम | बजेट रकम रु. | संशोधित आयोजना/ कार्यक्रमको नाम | बजेट रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| 1 | वडा नं. ४ महानन्द घरदेखि रमेश घरसम्म कालोपत्रे | १३००००० | सडक स्तोरन्नती (चन्द्रेश्वर मेहता दक्षिण यादव टोल महानन्द घर पूर्व पाल टोल उत्तर हुलाकी सडक कालोपत्रे) DRM/ROADS/C/NCB/06-78/79 | १३००००० | |
| २ | DRM/ROADS/C/NCB/07/78-79 Upgrading Road with Asphalt work at Janta School east north south dewanganj- 7 Rekha Sardar Tole | ५०००००० | DRM/ROADS/C/NCB/02/78-79 Upgrading Road with Asphalt work at Ahiya house south brijbihari house police chauki way road dewanganj - 2 | ४०००००० | |
| ३ | प्रकोप व्यवस्थापन कोष खाता रकम | ४२००००० | विभिन्न ९ योजनामा अन्तर्गत (वडा नं. ६ को चन्दा मोहन कल्भर्ट, वडा नं. ५ सशस्त्र क्याम्प वाल निर्माण कार्य, वडा नं. ५ मेन बाटोदेखि दिवाकर यादवको घरसम्म आर सी सी ढलान, वडा नं. ६ मा १६ कोठे विद्यालय भवन, इन्धन कार्यालय प्रयोजन, परीक्षा संचालन खर्च-५ लाख, सत्संग भवन निर्माण कार्य. वडा नं. १ को नाला ढकन निर्माण ) | ४०३६५०० | |
| ४ | सभा सञ्चालन खर्च | २००००० | आर्थिक सहयोग | २००००० | |
| ५ | वडा नं. ७ राम भगवान मन्दिरमा टपरा निर्माण कार्य | ३००००० | वडा नं. ७ दुर्गा मन्दिरमा टपरा निर्माण कार्य | ३००००० | |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

४.४ **त्रैमासिक पूँजीगत खर्च**-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुंजीगत खर्चतर्फ | १५३९५८०७५.६० | २८८३११७९.६० | १६४०१५६२ | १५४०११३८ | ९३३२४१९६ | ८५४०८७८४ |
| प्रतिशत | १०० | १८.७३ | १०.६५ | १०.०० | ६०.६२ | ५५.४८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१५३९५८०७५.६० निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. २८८३११७९.६० (१८.७३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १६४०१५६२ (१०.६५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. १५४०११३८ (१०.०० प्रतिशत) र चौथो त्रैमासिकमा रु.९३३२४१९६ (६०.६२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ८५४०८७८४ (५५.४८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुनेगरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

४.५ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र साँस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने

व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल ७५ योजनामा वजेट विनियोजन गरेको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १० | २ | ७ | १ |
| २. | वडास्तरीय | ६५ | ० | ७ | ५७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ७४ योजना कार्यान्वयन भई १ योजना कार्यान्वयन भएको र १ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

४.६ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ८१७०००० | ६९८८५००.५ | ८५.५४ |
| २ | पूर्वाधार विकास | १८३३७९५०० | १४०१४७९७४.६ | ७६.४३ |
| ३ | सामाजिक विकास | १७३४२६००० | १४६५८८१७१.३५ | ८४.५२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८६१०००० | ६७१६४५६ | ७८.०१ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १७२६०९७१०.२१ | १३२१६५३१४.८१ | ७६.५६ |
| ६ | **जम्मा** | ५४६१९५२१०.२१ | ४३२६०६४१७.२६ | ७९.२० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ३३.५७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा १.५८ प्रतिशत रहेको छ ।

४.७ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१।०३।१० मा रु. ५४ करोड ०८ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

५ **लक्ष्य प्रगति**

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीयस्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/ योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | ७५ | १ | ० | ० | ७४ |

६ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३ ऐन, ११ कार्यविधि, १ निर्देशिका लगायत १५ कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले १५ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको र स्थानीय सरकार संचालन गर्न आवश्यक अधिकांश कानुन निर्माण गरेको देखिएन । निर्माण गरिएका कानुनको कार्यान्वयन गर्ने र सेवा प्रवाहसँग सम्बन्धित बाँकी कानुन यथासक्य निर्माण गर्नुपर्दछ ।

७ **सेवा प्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका १० वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| १ | स्वीकृत घरनक्सा दर्ता पास | ४ |
| २ | जन्मदर्ता | ७९८ |
| ३ | मृत्युदर्ता | २१५ |
| ४ | बसाईसराई दर्ता | २२८ |
| ५ | विवाह दर्ता | ३४४ |
| ६ | सम्बन्धविच्छेद दर्ता | ३ |

८ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित

र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राखुपर्दछ ।

९ **स्थानीय तह संस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट**

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनः स्थानीय तहको कार्य प्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गरी शासकीय क्षमता, आर्थिक व्यवस्थापन, सेवा प्रवाह लगायत विभिन्न १० विषय क्षेत्रहरुमा आधारित सुचकहरुको मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक सुधार गर्ने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको कार्यविधिको आधारमा स्थानीय तहहरुले आफ्नो संस्थागत क्षमता मूल्याङ्कन गर्ने गरिएको छ। यो वर्ष यो मूल्याङ्कन प्रतिवेदनमा यस पालिकाले पुर्णाङ्क १०० मा ६३.७५ अंङ्क प्राप्त गरेको विवरण प्राप्त भएको छ। तसर्थ पालिकाले संस्थागत क्षमतामा सुधार ल्याउन अझ तोकिएको विषयहरुमा विशेष ध्यान दिनु जरुरी देखिन्छ।

१० **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । यसमा रु. ३००००० बजेट विनियोजन गरी यस आ.व. मा १ पटक सार्वजनिक परीक्षण गरी रु. २९८३२० खर्च गरेको देखिन्छ। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

११ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १५३९५८०७५ पूँजीगत खर्च/ खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१२ **निर्माण कार्यको लगत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत राखेतापनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन। यस पालिकाले गत विगत वर्षदेखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यवस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

१३ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विपद व्यवस्थापन, आर्थिक सहयोग जस्ता शिर्षकबाट ५२६ थान कम्बल खरिद गरी रु. ५९९६४० भुक्तानी दिएको छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित भई पारदर्शी तवरले खर्च गरी वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

१४ **तलवी प्रतिवेदन**

कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) सम्बन्धी ऐन, २०८० को दफा ४२(३) मा प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब

भुक्तानी गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३५ जना कर्मचारीको रु.२५६८५५०६ र पालिकाका २३ जना कर्मचारीको रु.१४०६८५२१ समेत रु.३९७५४०२७ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म २२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर सातौं।आठौं, लेखा सातौं।आठौं लगायत १७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । रिक्त दरबन्दी पदपूर्तीको लागि लोकसेवा आयोगमा माग गरेको कार्यालयले जनाएको छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१६ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरु तथा विभिन्न कार्यक्रम तर्फ करारमा कर्मचारी नियुक्त गरी २८ जनाको रु.११७९१२६३।० र दरबन्दी बाहिर प्रशासनिक कर्मचारी २ जानको रु.७४३८६०।० समेत जम्मा रु.१२५३५१२३।० पारिश्रमिक खर्च लेखेको छ । दरवन्दी भन्दा बाहिर प्रशासनिक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता भुक्तानी गरेको रकम रु.७४३८६०।० नियमसम्मत देखिएन । अतः पालिकाले करार कर्मचारी नियुक्ति गर्दा पालिकाको आन्तरिक आम्दानी समेतलाई मध्यनजर गरी गर्नुपर्दछ । साथै दरबन्दी बाहिर करार कर्मचारी नियुक्तिमा भुक्तानी भएको रकम नियमित गर्नुपर्ने रु.

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| दरवन्दी भित्र सूचना प्रविधि अधिकृत छैटौं, रोजगार संयोजक छैठौं, सब- इञ्जिनियर पाँचौ , नाप्रास, रोजगार सहायक , अनमी लगायत करार र कानुनी सल्लाहकार १ जना | २८ जना | ११७९१२६३ |
| दरबन्दी बाहिर प्रशासन कर्मचारी करार | सहायक चौथो २ जना | ७४३८६० |

| अनियमित भएको | ७,४३,८६० |
|---|---|

१७ **कल्याणकारी कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष आन्तरिक श्रोतबाट कर्मचारी कल्याण कोषमा रु.१५००००० बजेट विनियोजन गरेको छ।

१८ **विविध तथा सभा संञ्चालन खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष रु.२३६४३११वडातर्फ रु. २६९६००० समेत गरी विविधतर्फ (खाजा, खाना लगायत) रु.५०६०३११ खर्च गरेको र सभा सञ्चालनतर्फ रु.५००००० छ। उक्त खर्च पालिकाको आन्तरिक आय रु.२९०१२१८१ को १९.१७ प्रतिशत हुन आउँछ। यस्तो खर्चमा अत्याधिक भएको पाइयो । जसका कारण पालिकाको पूँजीगत खर्चमा असर पर्ने हुँदा यस्ता खर्च नियन्त्रण गरी मितव्ययिता अपनाउनु पर्दछ ।

१९ **मेला तथा धार्मिक साँस्कृत कार्यक्रममा खर्च**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी बजेट विनियोजन गरेर मात्र रकम खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष रकम खर्च गर्ने सम्बन्धि कार्यविधि निर्माण नगरी धार्मिक तथा सांस्कृतिक संस्था सहायता कार्यक्रममा रु.८०००००।० विनियोजन गरी रु.७७१०००।० खर्च लेखेको छ । त्यस्तै नमुना परीक्षण गर्दा रकमान्तर तथा कार्यपालिकाको निर्णयबाट समेत विभिन्न धार्मिक सांस्कृतिक कार्यक्रममा रकम विनियोजन गरी खर्च गर्ने गरेको देखिन्छ । कार्यविधि वेगर खर्च गरेको रकम औचित्यपूर्ण नहुने तथा पालिकाले चालु प्रकृतिका कार्यक्रममा समेत बेजेट विनियोजन गर्दा चालु खर्चको भार बढी पूँजीगत खर्च न्युन रहने अवस्था समेत रहन्छ । अत पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| भौ.नं. | कार्यक्रम | भुक्तानी लिनेको नाम | वापत | भुक्तानी रकम |
|---|---|---|---|---|
| चालु तर्फ | | | | |
| ९७-७। ११ | अपाङ्ग, अशक्त, दलित मधेसी आर्थिक सहायता | विश्व हिन्दु परिषद् नेपाल | एक दिवसिय प्रवचन हवन कार्यक्रम | ४०००० |
| १२५-८।५ | समपुरक खर्च | शिव कुमारी देवी | जितीया पर्व मनाउन | १४५००० |
| १३३-८।६ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | जितिया मेला पुजापाठ उ.स. वडा नं. ४ | जितिया मेला सञ्चालन | २१००० |
| १८७-९। १४ | | | श्री दुर्गा पुजापाठ तथा श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञ वडा नं. ७ | ८६००० |
| २०३-९। २१ | | श्री श्री १०८ श्री काली मन्दिर | पुजा हवन (वडा समेत) | १५०००० |
| २५०-१०। २५ | | श्री श्री १०८ वैष्णवी मन्दिर | पुजा हवन (वडा समेत) | २५०००० |
| ३६२-१२। २१ | | दुर्गा पुजा तथा दशैं मेला व्यवस्थापन समिति | कलश यात्रा, दुर्गा पुजा | ५०००० |
| पूँजीगत तर्फ | | | | |
| २४-६। २१ | विगत वर्षको भुक्तानी | दुर्गा मन्दिर व्यवस्थापन समिति | दशै पर्व मनाउन | २५०००० |
| ६५-९। २९ | समपुरक कोष | श्री श्री १०८ श्री नवदुर्गा भवानी मन्दिर गा.पा. ४ | दुर्गा पुजा, सांस्कृतिक कार्यक्रम, कलस यात्रामा खाना खाजा | ३५०००० (चालु तर्फ २००००० र पुँजीगत तर्फ १५००००) |
| ५४-९।२ | समपुरक कोष | लक्ष्मी पुजा, अष्टयान किर्तन र कुस्ति तथा सांस्कृतिक कार्यक्रम | श्री लक्ष्मी मन्दिर सेव समिति | ३००००० |
| ६०-९। १७ | समपुरक कोष | वडा दशैं तिहार छठ शुभकामना आदान प्रदान वडा नं. ४,५,६ | सम्बन्धित वडाको ३ जना | २१०००० |
| ६४-९। १८ | समपुरक कोष | पुजापाठ, भजन किर्तनमा खाजा खाना | श्री कालि पुजा मेला उपभोक्ता समिति | २००००० |
| ६५-९। २९ | समपुरक कोष | दुर्गा पुजा, सांस्कृतिक कार्यक्रम, कलश यात्रामा खाना खाजा | श्री श्री १०८ श्री नवदुर्गा भवानी मन्दिर गा.पा. ४ | १५०००० |
| ८३-१०। १८ | समपुरक कोष | शुभकामना आदान प्रदान वडा नं. ३ | महेन्द्र दास तत्मा | ७०००० |
| ८४-१०। २२ | समपुरक कोष | मेयर कप सञ्चालन | देवानगञ्ज गाउँपालिका खेलकुल समिति | २५०००० |

२० **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार गरी विभिन्न व्यक्तिहरुलाई रु.२१३८००० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.२९०१२१८१ को ७.३७ प्रतिशत हुन आउँछ । आन्तरिक आयलाई मध्यनजर गरी सहायता वितरणमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.सं. | कार्यक्रम | बजेट | खर्च |
|---|---|---|---|
| १ | छात्रवृत्ती कार्यक्रम विपन्न वर्गका विद्यार्थीको आर्थिक सहायता | ६००००० | ४४२००० |
| २ | अपाङ्ग अशक्त दलित मधेशी मुस्लिम आर्थिक सहायता | १७००००० | १६९६००० |
| | जम्मा | २३००००० | २१३८००० |

२१ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.४८५९००।० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

| क्र.स. | सफ्टवेयरको नाम | खरिद मिति | कम्पनी | खरिद मुल्य | खरिद आ.व. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | E-Recommendation Software | २०८१।१०।४ | मल्टी टेक्स प्रा.ली. | ४८५९०० | २०८१।८३ | चालु रहेको |

२२ **मोवाइल खरिद**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रु **४९,९९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

२४ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस पालिकाले यस आर्थिक वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गरेको पाइएन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गरी सोको कार्यान्वयन मार्फत आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

२५ **सुरक्षा निकायलाई इन्धन**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष पालिका अन्तर्गतका देहायबमोजिमका सुरक्षा निकायलाई देहायबमोजिम इन्धन/ इन्धनको कुपन उपलब्ध गराएको छ । जसबाट सुरक्षा निकायको बजेटमा उक्त रकम समावेश नहुने तथा सम्बन्धित निकाले समेत इन्धन रकम निकासा गर्दा खर्च रकममा दोहोरो पर्न जाने देखिन्छ । अत यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.सं. | कार्यालय | प्रट्रोल (लि.) | डिजल (लि.) | कैफियत |
|---|---|---|---|---|
| १ | BOP घुस्की | ११० | ० | विभिन्न मितिको भएकोले रकम एकिन गर्न नसिकएको । |
| २ | प्रहरी चौकी घुस्की | १२० | ० | |
| ३ | इलाका प्रहरी कार्यालय, हरिनगर | १२५ | ० | |
| ४ | प्रहरी चौकी कप्तानगंज | १२० | ० | |
| ५ | अस्थायी प्रहरी चौकी, रा.सी. | १२५ | ० | |
| ६ | ट्राफिक प्रहरी पोष्ट हरिनगर | १२० | ० | |
| ७ | इलाका प्रहरी कार्यालय, देवानगंज | १९० | २८० | |
| ८ | इलाका प्रहरी कार्यालय, साहेवगंज | ११० | ० | |
| ९ | अस्थायी प्रहरी चौकी, मोतिटप्पु | १२५ | ० | |
| १० | राष्ट्रिय अनुसन्धान कार्यालय, सुनसरी | ११० | ० | |
| ११ | अस्थायी प्रहरी चौकी, मध्यहर्षाही | १३५ | ० | |
| १२ | कप्तानगंज गुल्म, BOP | १२० | २४० | |
| १३ | BOP साहेवगंज | १२० | ० | |
| | जम्मा | १६३० | ५२० | |

२६ **इन्धन तथा मर्मत खर्च**

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७९ मा प्रति कर्मचारी मासिक १० लिटर सम्म इन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकामा रहेका सवारी साधन (स्कारपियो १, एम्बुलेन्स ३, दमकल १ र वडा तथा पालिकाका २८ मोटरसाइकल समेत) मर्मतमा यस वर्ष रु. २६२७९५३ र इन्धनपदाधिकारीतर्फ रु. २८३२८१, कार्यालय प्रयोजनतर्फ रु. ४६८६५०० तथा इन्धन अन्य प्रयोजनतर्फ रु. ६१३५०० गरी रु. ५५८३२८१ खर्च भएको देखिन्छ। यस वर्ष मर्मत र इन्धन गरी रु. ८२८१२३४ खर्च अत्यधिक भएको देखिन्छ । पदाधिकारी, कर्मचारी तथा सार्वजनिक निर्माणमा खपत भएको इन्धन उपयोगको विवरण खुल्ने व्यवस्थित अभिलेख राखेको पाइएन। इन्धन खर्चलाई प्रयोग गर्ने व्यक्ति र सवारी साधन समेत खुल्ने गरी Public Asset Management System (PAMS) मा प्रविष्टि गरी इन्धन तथा मर्मत खर्चको अभिलेखाङ्कनलाई व्यवस्थित बनाउनका साथै यस्ता खर्चमा मितव्ययीता अपनाउनु पर्दछ।

त्यस्तै तीन आर्थिक वर्षमा इन्धन र मर्मत खर्च विश्लेषण गर्दा आर्थिक वर्ष २०७९।८० मा इन्धन खर्च रु.४१६८२५२ र मर्मत खर्च रु.१३९८८०४, आर्थिक वर्ष २०८०।८१ मा इन्धन खर्च रु. ३२९३४३३मर्मत खर्च रु. १०१८३८२तथा आर्थिक वर्ष २०८१।८२ मा इन्धन खर्च रु. ५५८३२८१र मर्मत खर्च रु. १०६५९७ भएको देखिन्छ । इन्धन र मर्मत खर्च मापदण्ड बमोजिम गरी मितव्ययीता कायम गर्नुपर्दछ ।

२७ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. २९०१२१८१ राजस्व बाँडफाँड र अनुदानबाट रु. ४४८६८१५३४ समेत रु. ४७७६९३७१५ आम्दानी भएकोमा चालु तर्फ रु. २८६१४८३४१.६६ र पूँजिगत तर्फ रु.१५३९५८०७५.६० समेत रु.४४०१०६४१७.२६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.६६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ५७१२२४० खर्च भएको छ जुन आन्तरिक आयको १९.६९ प्रतिशत रहेको छ ।यसमा पदाधिकारी खर्च आन्तरिक आयको तुलनामा अत्यधिक बढी देखिएको हुँदा आन्तरिक आयसँग मध्यनजर गरी पदाधिकारी सुविधा व्यवस्थापन गर्नुपर्दछ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६५.०२ प्रतिशत चालु र ३४.९८ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

### २८ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ९३ मुद्दा र यस वर्ष दर्ता भएका ११ मध्ये ३५ फस्यौंट भइ ६९ बाँकी रहेको छ । दर्ता भएका मुद्दाको न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

### २९ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) प्रविष्टि गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३१ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका २३ वटा (COPOMIS) प्रणालीमा आवद्ध भएका छन भने ८ वटा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण प्रविष्टि गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएको छ ।प्रतिवेदन अनुसार कोपोमिस मार्फत मासिक प्रतिवेदन पठाउने सहकारी रहेको पाइएन। यस प्रणालीमा साधारण सभाको प्रतिवेदन नपठाउने सहकारी २७ वटा रहेको देखिन्छ । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

### ३० जिन्सी निरीक्षण तथा व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ तथा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । साथै महालेखा नियन्त्रक कार्यालय सम्पत्ती तथा जिन्सी मालसामानको अभिलेख अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्नुपर्ने व्यवस्था गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· पालिकाले यस वर्ष नियमावली बमोजिम जिन्सी निरीक्षण गरेको छैन ।

· गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गरेको पाइएन ।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुका साथै सम्पत्ती तथा जिन्सी मालसामानको पूर्ण अभिलेख सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा राख्नुपर्दछ ।

## ३१ धरौटी रकम अन्य प्रयोजनमा खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६९ मा धरौटी रकम अन्य कामको निम्ती खर्च गर्न नहुने व्यवस्था उल्लेख छ । पालिकाले मिति २०८२।३।१५ मा २६औ कार्यपालिकाको निर्णय बाट रु.१,०९,३७,४२९ धरौटी रकम माग भए अनुसार फिर्ता गर्नेगरी घाटा बजेट पुर्ति गर्न राजश्वमा दाखिला गरेको देखिन्छ । पालिकाले समानिकरण अनुदान रकम निर्धारिण गरेको भन्दा घटी प्राप्त भएकोले उक्त रकम राजश्वमा दाखिला गरेको जनाएको छ । दाखिला भएको रकम मध्ये सदरस्याहा गर्नुपर्ने प्रकृतिको भइ राजस्वा दाखिला भएमा सोको प्रमाण संलग्न गर्नुपर्दछ । साथै निम्नानुसारको धरौटी रकम धरौटी खातामा आम्दानी जनाई खर्च रकम नियमित गर्नुपर्ने रु.

| सि.नं | विवरण | रकम |
|---|---|---|
| १ | भगवती कन्स्ट्रक्सन | १७१२३८ |
| २ | सरोज कन्स्ट्रकसन | २३१९११ |
| ३ | एस.के.आदर्श निमार्ण सेवा प्रा.लि | ३२१५९ |
| ४ | तनविर एण्ड ब्रदर्स बिल्डर्स एण्ड कन्स्ट्रक्सन | २२९४८९ |
| ५ | निर्मला कन्स्ट्रक्सन | १०७४८१ |
| ६ | नेपाल थोपा सिंचाई प्रा.लि | १३१४१६ |
| ७ | जय कालिका बिल्डर्स एण्ड इन्जिनियरिङ्ग प्रा.लि | ७०२३१ |
| ८ | कुँवर डेभलपर्स एण्ड विल्डर्स प्रा.लि. | ७२१२६४ |
| ९ | न्यू श्याम निमार्ण सेवा | ४१५०३ |
| १० | अक्षर कन्स्ट्रक्सन प्रा.लि | २७५५१ |
| ११ | भगवती जे. भी.को | ६९७२३८ |
| १२ | बागेश्वरी मल्टी ट्रेड एण्ड सप्लायर्स प्रा.लि. | २९९१५ |
| १३ | डी.के निर्माण सेवा | ११३०३ |
| १४ | जय माँ काली कन्सट्रक्सनको | १६३०७६ |
| १५ | नरसिंह कन्सट्रक्सनकन | ८२७७३ |
| १६ | पण्डित भगवती जे. भी.को | १२९८५४९ |
| १७ | हिरा कन्स्ट्रकसन | ४१९४१ |
| १८ | देवानगन्ज कन्स्ट्रक्सन एण्ड डिजाइनिङ प्रा.लि. | ८३६०१ |
| १९ | आयुश निर्माण सेवा | ४०७४५ |
| २० | कुँवर डेभलपर्स एण्ड विल्डर्स प्रा.लि. | १०३८५८ |
| २१ | सोनाक्षी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | ५६४०० |
| २२ | ए. एस कन्स्ट्रक्शनको | ५५९०८० |
| २३ | ए.एच.निर्माण सेवाको | ५३१७१ |
| २४ | ठाकुर कन्स्ट्रक्सनको | ४९८९१ |
| २५ | मनिष सप्लार्यस | ४८५०० |
| २६ | सराजुदिन मा बिन्दाबासिनि जेभी | ४१६५२ |
| २७ | एस.के.आदर्श निमार्ण सेवा प्रा.लि | ५७१८७ |
| २८ | पण्डित भगवती जे. भी | ५३२५९७ |
| २९ | संजय कुमार मेहता | १००००० |
| ३० | पण्डित भगवती जे. भी.को | ४४३९७३ |
| | | |

| | | |
|---|---|---|
| ३१ | गजब कन्स्ट्रक्शन | १६९२५ |
| ३२ | भुमि-ए.एस जे/भीको | १०१९४८० |
| ३३ | रंगेली निर्माण सेवा प्रा.लि | २१४१५ |
| ३४ | पराजुली निर्माण सेवा प्रा.लि | ४२८७५ |
| ३५ | यादव फलफुल वागवानी नर्सरी | ५०००० |
| ३६ | रिहान कन्स्ट्रक्सन | ४१६१० |
| ३७ | कमल कन्स्ट्रक्सन | २३८९० |
| ३८ | जोया एण्ड ब्रदर्श कन्ट्रक्शन प्रा.लि | ८२७०९९ |
| ३९ | पवन कन्सट्रक्सन | २२९२६ |
| ४० | आइ. बिल्डर्स प्राइभेट लिमिटेड | ४४४८१५ |
| ४१ | सदासु निर्माण सेवा | २५९०२ |
| ४२ | ग्लोबल इण्टरनेशनल ट्रेडर्स | ४३५७५ |
| ४३ | भगवती मल्टिट्रेड एण्ड सप्लायर्स | ४२३८२ |
| ४४ | आयुष एण्ड बिराट कन्स्ट्रकसन | ३१९१६ |
| ४५ | तनविर एण्ड ब्रदर्स बिल्डर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि | ६६४३७७ |
| ४६ | ज्योती कन्स्ट्रक्सन | ३९५२२ |
| ४७ | जानकी कन्स्ट्रक्सन | २१००९ |
| ४८ | निर्मला कन्स्ट्रक्सन | २०९८१ |
| ४९ | जय बजरंगवली निर्माण | ५३८०० |
| ५० | लक्ष्मणलाल साह सोनार | ११७५५० |
| ५१ | शाह आर के जेभी | २५३८५४ |
| ५२ | वसिर मियाँको | १४५०० |
| ५३ | महेन्द्र प्रसाद मेहता | १००००० |
| ५४ | जय नारायण मेहता | ६३००० |
| ५५ | सन्तोष कुमार यादव | ५०४१०० |
| ५६ | शाह आर के जे.भी.को | १७०२३४ |
| | **जम्मा** | **१,०९,३७,४३०** |

| | |
|---|---|
| अनियमित भएको | १,०९,३७,४३० |

३२ **पेश्की बाँकी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(५) वमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए वमोजिम प्रत्येक रनिङ विल वा अन्य विलवाट कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयवाट प्राप्त विवरण अनुसार आर्थिक वर्षको अन्त्य सम्ममा देहायवमोजिम यस वर्षको मोबिलाइजेशन पेश्की रु.१९५३०००।० र

गत वर्षको पेश्की बाँकी रु.२२३५३९५७।० समेत जम्मा रु. २४३०६९५७।० पेश्की बाँकी रहेको देखिएकोले उक्त पेश्की रकम नियमानुसार फछ्यौट गर्नुपर्दछ।

| क्र.सं. | निर्माण कार्य | निर्माण व्यवसायीको नाम | गत विगत वर्षकोपेश्की | यसवर्षको पेश्की | | जम्मा पेश्की |
|---|---|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको | म्याद ननाघेको | |
| १ | सडक तथा पूल निर्माण | ए. एसकन्स्ट्रक्शन | ९०००० | | | ९०००० |
| २ | वडा न १ को देवु घरदेखि दक्षिण पशिचम हुदै भिखो सन्त कुमार भूपदेव घर सम्म मानेश्वर घर पश्चिमसुवालाल मेहता घरसम्म र बाबुनन्दनको मन्दिर देखि पूर्व दक्षिण पिच वाटो सम्मकालो पत्रे कार्य। | ए. एसकन्स्ट्रक्शन | ५४०००० | | | ५४०००० |
| ३ | वडा न २ को यहिया घरदक्षिण बृजविहारि घर हुदै इलका प्रहरी चौकी सम्मको वाटोमा कालो पत्रे कार्य । | ए. एसकन्स्ट्रक्शन | ४६५००० | | | ४६५००० |
| ४ | वडा न १ सारदा नि मावि विधालय देखि दक्षिण नारायण मेहतको घर देखि पश्चिम धोवी टोल इनरुवा कौवाकालेपत्रे निर्माण | जोया एण्डब्रदर्श कन्ट्रक्शन प्रा.लि. | १०००००० | | | १०००००० |
| ५ | वडा न ७ विर नारायणचौधरी जाने वाटोमा कालोपत्रे कार्य | जोया एण्डब्रदर्श कन्ट्रक्शन प्रा.लि. | ३५०००० | | | ३५०००० |
| ६ | आवासीय भवननिर्माण | तनविर एण्डब्रदर्स बिल्डर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि | १८२५१३ | | | १८२५१३ |
| ७ | श्री नव दुर्गा आवि, देवानगंज ७ चार कोठे भवन | तनविर एण्डब्रदर्स बिल्डर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. | १८२००० | | | १८२००० |
| ८ | उमेश भगतको घर देखिपाँचौ सीमार स्कुल मा. बि. सम्म सडक कालोपत्र गर्ने कार्य | त्रिपल आइ.बिल्डर्स प्राइभेट लिमिटेड | १४६०००० | | | १४६०००० |
| ९ | देवानगंज वडा न ७ वडाकार्यालय पूर्व हकापारापण्डित टोल सम्मको बाटोमा कालो पत्रे कार्य | त्रिपल आइ.बिल्डर्स प्राइभेट लिमिटेड | ८५८००० | | | ८५८००० |
| १० | सुदिप घर देखि दक्षिणजाने वाटोमा ढकन सहित नाला निर्माण कार्य | दिनेशनिर्माण सेवा पण्डित भगवती जे. भी. | २३०००० | | | २३०००० |
| ११ | सडक तथा पूल निर्माण | पण्डितभगवती जे. भी. | १०००००० | | | १०००००० |
| १२ | देवानगंज-५ गणेशप्रा.बि. उत्तर अयुब घर देवानगंज-६ हुदै बिरनारायणसम्म कालो पत्रे | पण्डितभगवती जे. भी. | ४४५८६५५ | | | ४४५८६५५ |
| १३ | गा पा भवनको क्यानटिननिर्माण कार्य | भगवतीकन्स्ट्रक्सन | ३२०००० | | | ३२०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | गा पा भवनको क्यानटिननिर्माण कार्य | भगवतीकन्स्ट्रक्सन | १८५००० | | | १८५००० |
| १५ | वडा न १,४,र ६ आधारभुत स्वास्थ्य चौकी भवनमाघेरावेरा निर्माण तथा | भगवतीकन्स्ट्रक्सन | १३१७४० | | | १३१७४० |
| १६ | सडक तथा पूल निर्माण | भुमि-ए.एसजे/ भी | २९९००० | | | २९९००० |
| १७ | वडा न ४ मा चन्देश्वरमेहताको घर देखि दक्षिण यादव टोल महानन्द घर पूर्व | भूमि-ए.एसजे/ भी | ८१०००० | | | ८१०००० |
| १८ | वडा न ६ जनता नि मा विपूर्व उत्तर दक्षिण देवानगंज ७ रेखा सरदर टोल हुदै हक्यारा चौधरी टोल सम्मकोवाटोमा कालो पत्रे कार्य ।। | भूमि-ए.एसजे/ भी | १७४३००० | | | १७४३००० |
| १९ | चमेनिया पोखरी निर्माणकार्य | सुन्दर्भकन्स्ट्रक्सन प्राली १ | १०९०००० | | | १०९०००० |
| २० | वडा नं १ को नारायणमेहताको घरदेखी दक्षिण भुटाइपाल शर्मा टोलको बाटो 3 कालो पत्रे गर्ने कार्य | सुन्दर्भकन्सट्रक्सन प्रा.लि.२ | २२९९०० | | | २२९९०० |
| २१ | वडा न ७ ध्रुव नारायणघर देखि पुर्व विर नारायण घर हुदै वुढी पुल सम्म 3 कालोपत्रे कार्य | सुन्दर्भकन्सट्रक्सन प्रा.लि.२ | १२०००० | | | १२०००० |
| २२ | वडा नं. १ को नेवालालयादवको घर देखि पुर्व बोहोरा पक्का थान हुँदै वडा १ नं. २.६ चमेनिया पोखरी जानेबाटो कालोपत्रे गर्ने कार्य | सुन्दर्भकन्सट्रक्सन प्रा.लि.२ | ३५६९०० | | | ३५६९०० |
| २३ | सडक तथा पूल निर्माण | सरितानिर्माण सेवा | ४१०००० | | | ४१०००० |
| २४ | मानेश्वर मेहताकोघरदेखि पूर्व रामदेव घर देखि उतर यादव टोल हुदै 3 हरिनगरा विराटनगर क्रमगत कालोपत्रे योजना | सरितानिर्माण सेवा | २००००० | | | २००००० |
| २५ | वडा न ७ सरकारी पोखरीदेखि पश्चिम पिच बाटो सम्म स्तरोनन्ती गर्ने कार्य | सरोजकन्स्ट्रकसन | २००००० | | | २००००० |
| २६ | स्वास्थ्य चौकी देखि दक्षिण जाने बाटो निर्माणकार्य वडा नं.२ | सरोजकन्स्ट्रकसन | १७०००० | | | १७०००० |
| २७ | दे गापा वडा न १२ र ७को सयूत वाटो इनरूवा कौवा कोच मुल वाटो पुर्व विनोद यादवको घर हुदै रामजानकीमन्दिर वडा न ७ हुदै सुदिपलाल यादव २१ साविक ४ रासि पूर्व तर्फ स्वास्थ्य चौकीसम्म पकी सडक वालकृष्ण मेहताको घर हुदै इनरूवा कौवाखोच मुल वाटो सम्म क्रमागतकालोपत्रे योजना | साह आर केजेभी | ४८९५००० | | | ४८९५००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २८ | सरस्वती स्कुल वडा नं.४ देखि उत्तर वडा नं. ६ को बरगाछि जिरगुगा जोड्ने बाटो | भगवतीकन्स्ट्रक्सन | ० | ० | ७१७५०० | ७१७५०० |
| २९ | सरस्वती स्कुल वडा नं.४ देखि उत्तर वडा नं. ६ को बरगाछि जिरगुगा जोड्ने बाटो | भगवतीकन्स्ट्रक्सन | ० | ० | ६१७५०० | ६१७५०० |
| ३० | वडा न ३ मोतिटप्पुकिसुन घरदेखि बोडर जाने बाटोमा आर सि सि ढलान कार्य | साहेबगन्जकन्स्ट्रक्सन प्रा.लि | ० | | ६१८००० | ६१८००० |
| ३१ | विद्युत प्रसारण लाइन | नेपालविद्युत प्राधिकरण | ३७७२४९ | | | ३७७२४९ |
| | | जम्मा | २२३५३९५७ | ० | १९५३००० | २४३०६९५७ |

३३ **प्रतिलिपि शुल्क**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा चेक जाँच गर्दा वडा कार्यालय अनुसार प्रतिलिपि जारी सङ्ख्या र प्रतिलिपि शुल्क असुली निम्नानुसार रहेको देखिन्छ । पालिकाले यस विषयलाइ यकिन गरी सम्वन्धित व्यक्तिलाइ जिम्मेवार बनाइ घटी असुल राजश्व रकम दाखिला गर्नु पर्दछ ।

| बडा नं | घटना दर्ता प्रतिलिपि | असुल गर्नुपर्ने शुल्क | शुल्क असुली | घटी असुली |
|---|---|---|---|---|
| १ | १११ | ५५५०० | ३८२५० | १७२५० |
| २ | १८८ | ९४००० | ३८५०० | ५५५०० |
| ३ | १०५ | ५२५०० | ३६५०० | १६००० |
| ४ | ७८ | ३९००० | ३०३०० | ८७०० |
| ५ | ८६ | ४३००० | ७००० | ३६००० |
| ६ | ६७ | ३३५०० | २८५०० | ५००० |
| जम्मा | **६३५** | **३१७५००** | **१७९०५०** | **१,३८,४५०** |

| असुल गर्नुपर्ने | १,३८,४५० |
|---|---|

३४ **बक्यौता असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा वित्तीय अधिकार क्षेत्रअन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्काबापत वक्यौता रकमसमेत असुल गर्ने व्यवस्था छ। यो वर्ष पालिकाले ६ वटा आय ठेक्का लगाइ आय आर्जन गरेकोमा ठेक्का नं १/२०८०।८१ कृषिजन्य निकासी वापतको कवोल अंक रु १३,००,०००।मध्ये रु १२८५००० असुल भएको र बाँकि कवोलकर्ता लक्ष्मण साह सोनारबाट रु १५००० असुल गर्नुपर्ने ।

| असुल गर्नुपर्ने | १५,००० |
|---|---|

३५ **मूल्य अभिबृदि कर**

मूल्य अभिबृद्धि कर ऐन २०५२ को १५(३) मा मूल्य अभिबृद्धि कर लाग्ने बस्तुको बिक्रि गर्दा मूल्य अभिबृद्ध कर असुल गरी दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार आय ठेक्कामा मू.अ.कर बाहेको रु १९,४१,९१९। आम्दानी

गरेको देखिन्छ । पालिकाले उक्त आम्दानीको १३ प्रतिशत मू अ कर रकम रु २,५२,३३2 असुल गरी राजश्व शीर्षक ३३११७ मा दाखिला गर्नुपर्ने

| ठेक्का नं | ठेक्काको विवरण | व्याक्तिको नाम | कबोल मूल्य | मू. अ . कर |
|---|---|---|---|---|
| १/ २०८०।८१ | कृषिजन्य निकासि | लक्ष्मण साह सोनार | १३०००००० | १६९००० |
| २/ २०८०।८१ | मवेशी हाट | मुगालाल मेहता | १५१००० | १९६३० |
| ३/ २०८०।८१ | दैनिक गुन्द्रि हाटकर | जय नारायण महतो | ३८१००० | ४९५३० |
| ४/ २०८०।८१ | साहेगञ्ज बजार गुन्द्रिहाट | सुनिल कुमार यादव | ४५००५ | ५८५१ |
| ५/ २०८०।८१ | नयाँहाट गुन्द्रिहाट | सिताराम मेहता | १५००० | १९५० |
| ६/ २०८०।८१ | देवानगञ्ज बजार पुरानो हाटकर | निलम देवि यादव | ४९००५ | ६३७१ |
| | | जम्मा | १९, ४१ , ९१९ | २, ५२ , ३32 |

| असुल गर्नुपर्ने | २,५२,३३२ |
|---|---|

## ३६ राजस्व फिर्ता

१४-६।१३, कार्यालयले समपुरक खर्च शिर्षकबाट निलम देवि यादवलाई राजश्व वापत जम्मा गरेको रकम रु.४८४९०।० फिर्ता गरेको छ । कार्यालयको मिति २०८१।३।१२ को सूचना अनुसार पुरानो हाटवजारको हाट कर संकलन (ठेक्का नं. ६-८०।८१) गर्ने गरी मिति २०८१।४।४ मा श्री निलम देवी यादवसँग सम्झौता गरेकोमा देवानगंज हाटबजार व्यवस्थापन समितिले नै उक्त कार्य व्यवस्थापन गर्ने गरी निर्णय भएको भनि कार्यपालिकाबाट मिति २०८१।५।३१ को निर्णयानुसार ठेक्का रद्दगरी राजस्व दाखिला रकम फिर्ता गरेको देखियो । राजस्व सम्बन्धि ठेक्का सम्झौता भई सकेकोमा पुन रद्द गर्नुको आधार स्पष्ट नभएको तथा कार्यपालिकाको निर्णयानुसार देवानगंज हाटवजार व्यवस्थापन समितिले व्यवस्थापन गर्ने उल्लेख भएकोमा समिति मार्फत समेत उक्त राजस्व रकम पालिकामा दाखिला भएको नदेखिएको राजस्व रकम असुल गर्नुपर्ने रु.४८४९०।०

| असुल गर्नुपर्ने | ४८,४९० |
|---|---|

## ३७ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटो शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | आम्दानी शीर्षक | आय अनुमान | प्राप्ति | प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्पती कर | १५००००. | ६०५. | -९९.६० |
| २ | भुमिकर/मालपोत | १००००००. | १३१०८११. | ३१.०८ |
| ३ | वहाल कर | २५००००. | ६६२९८५.८६ | १६५.१९ |
| ४ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | ६२,७२५.०० | ०.०० |
| ५ | अन्य कर | ३५०००००. | १९७९७७२. | -४३.४४ |
| ६ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | १३०००००. | ९००. | -९९.९३ |
| ७ | न्यायिक दस्तूर | ५०,०००.०० | ० | -१००.०० |
| ८ | परीक्षा शुल्क | ३४००००. | २४०८०१. | -२९.१८ |
| ९ | अन्य प्रशासनिक सेवा शुल्क | ५०००००. | ३६०६००. | -२७.८८ |
| १० | नक्सापास दस्तुर | ३०००००. | ४८,३१०.१५ | -८३.९० |
| ११ | सिफारिश दस्तुर | ३५०००००. | १५५३११२. | -५५.६३ |
| १२ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५०,०००.०० | ३९४५५०. | ६८९.१० |
| १३ | नाता प्रमाणित दस्तुर | ० | ११२१००. | ०.०० |
| १४ | अन्य दस्तुर | १५०००००. | ५९०२५५. | -६०.६५ |
| १५ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | १३६१५०. | ०.०० |
| १६ | विद्युत सम्बन्धी दस्तुर | ० | ८००. | ०.०० |
| १७ | न्यायिक दण्ड , जरिवाना र जफत | २०,०००.०० | ० | -१००.०० |
| १८ | अन्य राजस्व | ४७४१२६०२.९२ | ११८६१९७०.६६ | -७४.९८ |
| १९ | सरकारी घर, जग्गा , गुडवील बिक्रीबाट प्राप्त रकम | १६००००००. | ९६९४५३४. | -३९.४१ |
| २० | व्यवसाय कर | ० | १,२००.०० | ०.०० |
| २१ | बेरुजू | १६५००००. | ० | -१००.०० |
| जम्मा | | ७७५२२६०२.९२ | २९०१२१८१.६७ | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान र असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३८ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१३६१५० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको देखिएन। पालिकाले व्यवसाय करको अनुमान समेत गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था रहेन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३९ **राजश्व अभिलेख**

पालिकाले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी रसिदहरु के कति छन एकिन गर्न सकिएन । पालिकाबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यस सम्बन्धमा तहाँ पालिकाबाटै छानविन गर्नुपर्दछ । अतः पालिकाले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

४० **तीन वर्षको आन्तरिक आयको अवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र बहाल विरौटो शुल्क उठाउने व्यवस्था रहेको छ । आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आ.व. २०७९/८०को आय अनुमान | प्राप्ति | आ.व. २०८०/८१को आय अनुमान | प्राप्ति | आ.व. २०८१/८२को आय अनुमान | प्राप्ति |
|---|---|---|---|---|---|
| ४०५८१७८९ | १३७४६९८१ | १३७४५०४५२ | ३३५६४९६७ | ७७५२२६०२.९२ | २९०१२१८१.६७ |
| असुली प्रतिशत | ३३.८७ | असुली प्रतिशत | २४.४२ | असुली प्रतिशत | ३७.४२ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार आन्तरिक आयको विश्लेषण गर्दा आ.व. २०७९/८० को आय अनुमान ४०५८१७८९ मा १३७४६९८१ अर्थात ३३.८७ प्रतिशत असुली भएको, आ.व. २०८०/८१ को आय अनुमान १३७४५०४५२ मा ३३५६४९६७ अर्थात २४.४२ प्रतिशत असुली भएको, आ.व. २०८१/८२ को आय अनुमान ७७५२२६०२.९२ मा २९०१२१८१.६७ अर्थात ३७.४२ प्रतिशत असुली भएको देखिन्छ । यसमा तिनै आर्थिक वर्षको आय अनुमान र प्राप्ति विश्लेषण गर्दा वास्तविक अनुमान अनुसार आय प्राप्ति भएको पाइएन । ३७ प्रतिशत भन्दा कम आय प्राप्त हुनुले वास्तविक आय अनुमान भएको देखिएन । आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी वास्तविक आय अनुमान गर्ने र सो अनुमान अनुसार कर असुली गर्नुपर्दछ ।

४१ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.७७५२२६०२.९२ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ रु. २९०१२१८१.६७ (३७.४२ प्रतिशत) प्राप्त भएको र अनुमान भन्दा ६२.५८ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४२ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३२७६०७१३० | २९०१२१८१ | ८.८६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८.८६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

### ४३ पदाधिकारी तथा कर्मचारी बैठक भत्ता

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारी कार्यपालिकाको बैठक भत्ता रू.२९४००० कर्मचारीको कार्यपालिकाको बैठक भत्ता रू.२१०५०० र अन्य भत्ता रु. ३००००० गरी जम्मा रु.८०४५०० खर्च गरेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

### ४४ भ्रमण खर्च र अभिलेख

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिनेको नाम र दर्जा, खटिएको स्थान, मिति समेत खुल्ने स्थान र बस, जिपको टिकटसमेत गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारीलाई भ्रमण खर्च स्वरुप रु.७६३६०० र कर्मचारीको भ्रमण खर्च स्वरुप रू. १८९०८३५ गरी जम्मा रू.२६५४४३५ खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित, कोष प्रमाणित, बस वा माईक्रो बसको टिकट, र अनुगमन प्रतिवेदन राखेको भएपनि अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको भन्ने सुनिश्चित हुन सकिएन। भ्रमण पश्चात अनिवार्य रुपमा कामको जिम्मेवारी र व्यहोरा खुलेको अनुगमन प्रतिवेदन व्यवस्थित रुपमा राख्नुका साथै, यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

### ४५ अन्य कार्यालयको खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम सरकारी खर्च गर्दा बजेटको सीमा भित्र रही तोकिएको प्रकृया पुरा गरी तोकिएको प्रयोजनामा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन । पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गरी गरी खर्च रकम नियमित गर्नुपर्ने रु.

| भौ.नं. | वापत | संस्था | रकम | कैफियत |
|---|---|---|---|---|
| पुँजीगत तर्फ | | | | |
| ८१-१०।१८ | वडा नं. ५ सशस्त्र केम्पमा वाल निर्माण कार्य | सशस्त्र प्रहरी | ५६०५४५ | |
| ९१-१२।१२ | देवानगंज — २ इलाका प्रहरी कार्यालयमा फल्स सिलिङ्ग गर्ने कार्य | इलाका प्रहरी कार्यालय देवानगंज | ७४५९१ | |
| १०५-१।९ | प्रेशर कुकर, स्टिल दराज खरिद | सशस्त्र प्रहरी बल नेपाल, प्र.सि.सु.गु.कम्तानगंज | ३१८६६ | |
| चालु तर्फ | | | | |
| ५६-६।२१ | मौलो पुजा | अ.प्रहरी चौकी मध्यहर्षाही | १०००० | |
| ७१-६।२३ | मौलो पुजा | अ.प्रहरी चौकी राजगंज | १०००० | |
| ७१-६।२३ | मौलो पुजा | अ.प्रहरी चौकी, कसानगंज | १०००० | |
| ७१-६।२३ | मौलो पुजा | अ.प्रहरी चौकी, मोतिपुर | १०००० | |
| ७४-६।२३ | मौलो पुजा | इलाका प्रहरी कार्यालय हरिनगर | १०००० | |
| ७४-६।२३ | मौलो पुजा | इलाका प्रहरी कार्यालय देवानगंज | २०००० | |
| ७८-६।२३ | मौलो पुजा | इलाका प्रहरी कार्यालय, साहेवगंज | १५००० | |
| ८३-६।३० | मौलो पुजा | प्रस्तावित सीमा सुरक्षा गुल्म कसानगंज | २०००० | |
| ८८-७।५ | संग्राहलय निर्माण | आदिवासी जनजाती महासंघ | २५००० | |
| ९२-७।९ | रंगरोगन कार्य | साविक नं.२ इलाका प्रहरी कार्यालय | २१००० | |
| ५९-६।२२ | स्वास्थ्य सिविर | कोशी प्रदेश प्रहरी अस्पताल | १०५०५० | |
| ७७-६।२३ | कार्यक्रम खर्च | कुशहवा राष्ट्रसेवक समाज | ९५००० | |
|  | जम्मा | | १०१८०५२ | |

| | |
|---|---|
| अनियमित भएको | १०,१८,०५२ |

४६ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ। त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश

गर्ने व्यवस्था छ। नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ। नमूना परीक्षणको क्रममा यो वर्ष पालिकाले निम्नानुसार एउटै प्रकृतिका मालसामान तथा निर्माण कार्यहरुलाई एउटै प्याकेजमा समावेश गरी खरिदलाई प्रतिस्पर्धात्मक बनाउन सकिने अवस्था हुँदा हुदै पनि विभिन्न फर्मबाट वडा तथा पालिका तर्फ गरी कुल रु.१२१४२९५२।० सोझै खरिद गरेको देखियो। सोझै खरिद हुँदा खरिदमा प्रतिस्पर्धा नहुने अवस्था देखियो। सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा सीमित हुने कुनै पनि कार्य गर्नु हुदैन। केहि उदाहरणहरु

| भौ.नं. | कार्यक्रम | निर्माण व्यवसायी/आपुर्तक | भुक्तानी रकम |
|---|---|---|---|
| ११ | साविक ९ विश्वकर्मा मन्दिर देखि पश्चिम जाने वाटोमा RCC ढलान कार्य | आयान कन्ष्ट्रक्सन | ४०००० |
| १३, वडा नं. ३ | गडै महाराज मन्दरिमा चर्पि निर्माण लगाएत ३ योजना | एलिसा कन्ष्ट्रक्सन | ८५११८७ |
| २० | पाँचौसिमर मा.वि. अगाडी माटो पुर्ने कार्य र विभिन्न बाटो मर्मत कार्य | जय माँ काली कन्ष्ट्रक्सन | ७४८२३० |
| १२, वडा नं. ४ | विभिन्न ३ सडक स्तरोन्नती | जय बजरंगवली निर्माण सेवा | ७००७६९ |
| १४ | विभिन्न ३ योजना निर्माण | सुभाष निर्माण सेवा | ९५१०६४ |
| ७, वडा नं. ५ | वडा नं. ५ साविक साहेवगंज ३ नं. वडाको नाला मर्मत तथा ढक्कन लगाउने कार्य | धर्मराज विल्डर्स एण्ड सप्लायर्स प्रा.ली. | ६७०४१३ |
| ११ | वडा नं. ५ राजेश मरिको घरदेखि दक्षीण कलानन्द मण्डलको घरसम्म RCC ढलान कार्य | ओमेगा मल्टी ट्रेड एण्ड कन्ष्ट्रक्सन सप्लायर्स प्रा.लि. | ५९९८१२ |
| १९ | पंकजपाल घरदेखि हुलाकी राजमार्गसम्म RCC ढलान कार्य | आरुष विल्डर्स एण्ड निर्माण सेवा | ४३१७२५ |
| २१ | पोल वत्ती जडान | शाह निर्माण कम्पनी | ४१७८९८ |
| १९ | पोल बत्ती जडान कार्य | वि.ए.जी. कन्ष्ट्रक्सन | ८५४९७७ |
| २१, पालिका | विगत वर्षको दायित्व भुक्तानी | निर्मला कन्ष्ट्रक्सन | ९८२२५५ |
| ८१ | वडा नं. ५ सशस्त्र केम्पमा वाल निर्माण कार्य (रु.३०००००)<br>मेन बाटो देखि दिवार यादवको घरसम्म RCC ढलान (रु.५६०५४५) | भगवति कन्ष्ट्रक्सन | ८६०५४५ |
| ९१ | वडा नं. ६ को चन्दा मोहन नहरमा कल्भर्ट निर्माण | देवानगंज कन्ष्ट्रक्सन एण्ड डिजाइनिङ्ग प्रा.ली. | ६६९७२२ |
| १०७ | साहेवगंज थानाको मन्दिर निर्माण तथा शौचालय निर्माण कार्य | साहेवगंज कन्ष्ट्रक्सन प्रा.ली. | ६८८१६१ |
| १३४ | दुर्गा मन्दिर घेरावेरा वडा नं. ४ | एस के आदर्श निर्माण सेवा प्रा.ली. | ६६७३५४ |
| १५० | देवानगंज गा.पा. अन्तर्गत विभिन्न बाटो मर्मत | निर्मला कन्ष्ट्रक्सन | ९७९३९९ |
| १५५ | कृषि मोटरको लागि वेण्ड र निप्पल खरिद कार्य | अलटेक नेपाल प्रा.ली. | ६६९४४१ |
| | | | १२१४२९५२ |

## ४७ मसलन्द तथा कार्यालय सामग्री

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा मसलन्द तथा कार्यालय सामाग्री खरिद गरी रू.२५०५५०९ खर्च गरेको छ ।यसरी कार्यालयमा आवश्यक पर्ने सामाग्रीको लागत अनुमान तयार गरी सबै मसलन्द खरिदलाई ठेक्का मार्फत खरिद गरी खरिद कार्यलाई खुला र प्रतिस्पर्धात्मक बनाई मितव्ययिता अपनाउनु पर्दछ।

## ४८ कार्यालय सहयोगी पारिश्रमिक

शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट जारी गरिएको निर्देशिका अनुसार पालिकाले पालिका अन्तर्गतका सम्पूर्ण विद्यालयमा कार्यालय सहयोगीको पारिश्रमिक संघीय सशर्त अनुदान चालु शिर्षकबाट भुक्तानी गरेको छ । त्यसको अतिरिक्त गाउँपालिका चालु खर्च शिर्षकबाट श्री फोचोदास आ.वि. वडा नं. ६ मा श्री गोपाल दास तत्मालाई डोर हाजिरीमा राखी वार्षिक रु.२५१०००।० पारिश्रमिक खर्च लेखेको छ । विद्यालयमा सशर्त अनुदानमा कार्यालय सहयोगी भर्ना गरेको अवस्थामा पालिकाबाट पुन करारमा राखी भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,५१,००० |

## ४९ दोहोरो सामाजिक सुरक्षा भत्ता

मृगौला प्रत्यारोपण गरेका,डायलसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामिलाइ औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धि, २०७८ को दफा ४ मा नेपाल सरकारबाट प्रदान गेर्दै गरेको जेष्ठ नागरिक भत्ता वितरण भएको व्यक्तिलाइ दोहोरो हुनेगरी यस किसिमकव भत्ता प्रदान नगरीने विषय उल्लेख छ । पालिकाले क्यान्सर पिडिल व्याक्ति आनन्दी भगत कलवारलाइ जेष्ठ नागरिक भत्ता र क्यान्सर रोगी भत्ता वितरण गरेको देखिन्छ । यसरी दोहोरो भुक्तानी रकम प्रति महिना पाँच हजारका दरले बर्षिक रु ६०,०००। दोहोरो भुक्तानी असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,००० |

## ५० अन्य कार्यालय खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम सरकारी खर्च गर्दा बजेटको सिमा भित्र रही तोकिएको प्रकृया पूरा गरी तोकिएको प्रयोजनमा मात्र खर्च गर्नु पर्दछ । स्थानीय निकायका लागि वित्तीय समानीकरण अनुदान बापत केन्द्र सरकारबाट प्रापत रकम छुट्टै बजेट बिनियोजन हुने सरकारी कार्यालयका लागि खर्च गर्न मिल्ने देखिंदैन । पालिकाले आफ्नो क्षेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्वीकृति प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ । पालिकाले विभिन्न सरकारी कार्यालयको सञ्चालन खर्च, बस्तुगत अनुदान तथा अन्य चालु प्रकृतिका खर्चहरु बापत ठुलो परिमाणमा भुक्तानी दिने गरेको पाइयो । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारका कार्यालयलाहरुलाई निम्नानुसारको खर्चको भुक्तानी दिएको छ ।अन्य सरकारी कार्यालयहरुको खर्च तालुक मन्त्रालयको स्वीकृति बेगर पालिकाबाट भुक्तानी गर्दा खर्च गरिएको रकम दोहोरो भए नभएको एकिन गर्न सकिएन । यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर पर्ने देखिन्छ । यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका कार्यालय तथा सघंसस्थाहरुलाई विभिन्न कामको लागि भुक्तानी दिएको बस्तुगत सहयोग तथा नगद रकम नियमसम्मत नभएको रु.

| भौनं र मिति | कार्यालयको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| ३।२०८१।०७।९ | सशस्त्र प्रहरी वल | मौला पुजा | १०००० |
| ५७।२०८२।३।२२ | इलाका प्रहरी | मौला पुजा | ५००० |
| ६७।२०८२।०३।२४ | इलाका प्रहरी | सवारी साधन मर्मत | ५००० |
| ४।२०८१।०३।२१ | सुशस्त्र प्रहरी वल | मौला पुजा | १०००० |
| ६।२०८१।०३।२३ | प्रहरी चौकि बडा नं ४ | मौला पुजा | १०००० |
| | | | ३०,००० |

| | |
|---|---|
| अनियमित भएको | ३०,००० |

५१ **पारिश्रमिक कर**

आयकर ऐन, २०५८ को दफा ८७ मा प्राकृतिक व्यक्तिले रोगजारीबाट प्राप्त गरेको जम्मा आयमा नियम अनुसार छुट रकम कट्टी गरी बाँकी आम्दानीमा पारिश्रमिक कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले अधिकृत छैठौँ राज कुमार मेहतालाई पारिश्रमिक भुक्तानी गर्दा तोकिए बमोजिम कर कट्टी नगरी भुक्तानी दिएकोले कर वापतको रकम रु.२४९० असुल गरी दाखिल गर्नुपर्ने देखिएको रु.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **६,६९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४९० |

५२ **प्रधानमन्त्रि रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा १० योजना सञ्चालन गरी रु १८,०४,२६८। श्रमिक ज्याला र सामाग्री वापत खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ । केहि उदाहरणहरु निम्नानुसार छन् ।

| क्र.स | आयोजनाको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | वडा नं. २ भित्रको पक्की तथा काशी नाला सरसफाई गर्ने कार्य | १६४३२८ |
| २ | रामस्वरूप यादवको घर देखि विधालय हुँदै अरुण साहको घरसम्म जानेबाटोमा रहेको नालाको सरसफाई गर्ने कार्य | १४०२८० |
| ३ | मरिया खोला बाँध मर्मत गर्ने कार्य | १२०२४० |
| ४ | शिवशंकर मण्डलको घर देखि कर्णाधार सम्मको माटो पुर्ने कार्य | ३४७३६० |
| ५ | बोर्डर देखि साविक १ नं. सम्मको पक्की तथा कच्ची नालाको सरसफाई कार्य | १८७०४० |
| ६ | साविक बड़ा नं. ८ को हनुमान मन्दिर देखि पश्चिम वडा नं. ५ र वडा नं.४ को हनुमान मन्दिरसम्म बाटोमा माटो पुरी सरसफाई गर्ने कार्य | ८०१६० |
| ७ | पिपल चौकिदेखि लिखयाहि घाटसम्ममाटो पुरी बाटो मर्मत गर्ने कार्य | ९०८४८ |
| ८ | नहर तथा कुलौपैनी सरसफाई गरि माटो हालेर मर्मत गर्ने कार्य | २६७२०० |
| ९ | मरघट्टा जाने कजला मिता देखि पूर्वको बाटो मर्मत र बागेश्वरी धान (मन्दिर) जाने बाटोमा माटो पुर्ने कार्य | २०१०६८ |
| १० | सीप तथा क्षमता विकास तालिम (रोजगारी सृजना आ.डि.ए) | १३३६००० |
|  | **जम्मा** | **१८,०४,२६८** |

## ५३ परामर्शदाता मार्फत तालिम तथा कार्यक्रम

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालीम, अभिमुखिकरण, सवलीकरण, मूलप्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थाबाट गराँउदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैरसरकारी संस्थाबाट त्यस्तो कार्य गराउन वा सेवा प्रवाह गर्न सक्ने उल्लेख छ । त्यसैगरी सोही ऐनको दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा सार्वजनिक निकायले कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले पालिकाकै शाखागत जनशक्तिबाट कार्य गराउन सकिने शिक्षा, स्वास्थ्य, कृषि जस्ता विषयगत तालिम समेत निम्नानुसारका संस्थामार्फत गराएको देखियो । सञ्चालित तालिमको आवश्यकता पहिचान, प्रशिक्षार्थी तथा लाभग्राही छनौटको आधार तथा विधि, तालिममा सहभागी हुने सहभागीको संख्या किटान नगरी सोझै संस्थासँग सम्झौता गरी तालिम संचालन गराई भुक्तानी दिएको देखियो । तालिम कार्यक्रम स्वीकृत गर्नुपूर्व तालिमको आवश्यकता पहिचान, विगत वर्षमा संचालित तालिमको प्रभावकारिता मूल्यांकन र अभिलेख अद्यावधिक, स्वीकृत तालिमको लाभग्राही छनौटको मापदण्ड र तालिम प्रदायक संस्था छनौट सम्बन्धमा कार्यक्षेत्रगत शर्त तयार नगरी विषयगत शाखाबाट गर्न सकिने तालिम परामर्शदातामार्फत गराइनु नियमसम्मत देखिएन । नमुना छनौट गरी परिक्षण गर्दा यस विषयमा विगत वर्षमा समेत सुझाव औल्याएकोमा पालिकाले सुधार गरेको नदेखिएकोले तथा यसरी तालिम सञ्चालन गरिनुको कारण र औचित्य पुष्ट्याई सहित खर्च रकम नियमित गर्नुपर्ने रु.

| भौ.नं. | कार्यक्रम | संस्था | क्रियाकलाप | भुक्तानी रकम |
|---|---|---|---|---|
| १४४-८।११ | सार्वजनिक परिक्षण | यस सुलभ टेक्निकल इन्स्टिच्युट प्रा.ली. | सार्वजनिक परिक्षण | २९८३२० |
| १६४-९।५ | विविध कार्यक्रम खर्च | अपाङ्ग समावेशि संस्था | अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम | ७०००० |
| १९४-९।१७ | विद्यार्थीलाई जीवन उपयोग सीप तालिम | नेचर प्लान प्रा.ली. | ४ विद्यालयमा १ दिन कार्यक्रम | १९५००० |
| ४०२-१।१४ | सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धि कार्य | ग्रामिण जनसमुदाय केन्द्र | सर्फ वनाउने तालिम ३ दिन २५ जना | १९६००० |
| ५४६-३।१३ | मधेशी मुस्लिम तथा दलित उत्थान कार्यक्रम | समाज परिचालन केन्द्र | सम्मान कार्यक्रम | १९७७६० |
| ६३०-३।२५ | सार्वजनिक सुनुवाई कार्यक्रम | नरसिंह मल्टिट्रेनिङ्ग सेन्टर | सार्वजनिक सुनुवाइ | २९९००० |
| | | जम्मा | | १२५६०८० |
| | | | अनियमित भएको | १२,५६,०८० |

**५४ संचार तथा पत्रपत्रिका छपाई खर्च**

सार्वजनिक खरिद नियमाली, २०६४ को नियम ३१ मा सार्वजनिक नियकायले बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान र जुनसुकै सेवा खरिद गर्दा खुल्ला बोलपत्रको माध्यमद्वारा गर्नुपर्ने उल्लेख छ । पालिकाले संचार कार्यक्रम र पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशनमा जम्मा रु.१३ लाख बजेट विनियोजन गरेकोमा सोको एकमुष्ठ लागत अनुमान तयार नगरी पटक पटक विभिन्न पत्र पत्रिका, मिडिया तथा अनलाइन मिडियालाई विभिन्न खरिद सम्बन्धी सूचना, सन्देशमूलक र जनचेतना मूलक सामग्री प्रकाशन तथा प्रसारण गरेवापत जम्मा रु.१२८९८७६।० भुक्तानी दिएको देखियो । सार्वजनिक खरिद नियमावली बमोजिम एकमुष्ट लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक विधिमार्फत संचार माध्यम छनौट गरी पालिकाको आधिकारिक सूचना प्रसारण/ प्रकाशनको प्रमाण समेत संलग्न राखी पत्रिका/ मिडियालाई भुक्तानी दिनेतर्फ पालिकाको ध्यान जानुपर्दछ । केहि उदाहरणहरु

| भौ.नं. | विवरण | मिडिया | रकम |
|---|---|---|---|
| ६१९-३।२५ | जनचेतनामुलक सन्देश | ग्रामिण विकास संचार | ६२१५० |
| ६२१-३।२५ | जनचेतनामुलक सन्देश | सम्राट मिडिया ग्रुप प्रा.ली. | ६७८०० |

**५५ खर्च एकिन नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष अन्य कार्यालय संचालन खर्च शिर्षकबाट अदालतमा मुद्दा दर्ता गरेको, विभिन्न मुद्दा टाइप गरेको तथा फोटोकपी गरेको उल्लेख गरी न्यायिक सल्लाहकार श्री बलेन्द्र मेहतालाई देहायबमोजिम रु.१०८५००।० भुक्तानी दिएको छ । न्यायिक सल्लाहकारको रुपमा मासिक पारीश्रिक भुक्तानी गरेको अवस्थामा निजबाट गर्नुपर्ने कार्य (मुद्दा टाईपिङ, प्रिन्ट) समेत अन्यत्र गराएको उल्लेख गरी विल पेश गरेको आधारमा भुक्तानी दिएको उचित देखिदैन । साथै मुद्दा दर्ता वापत समेत रकम भुक्तानी भएकोमा अदालतबाट दर्ता शुल्क वापतको रसिद पेश नगरी भर्पाइ गरेको देखिन्छ । अतः कार्यालयबाट वास्तविक रुपमा खर्च भए नभएको एकिन गरी भुक्तानी रकम असुल गर्नुपर्ने रु.

| भौ.नं. | दर्ता खर्च | टाइप/प्रिन्ट खर्च | फोटोकपि खर्च | जम्मा खर्च | कैफियत |
|---|---|---|---|---|---|
| ४२-६।२० | २५५०० | २९००० | ५००० | ५९५०० | पोखरेल कम्युनिकेशनबाट प्रिन्ट तथा फोटोकपि गरेको विजक |
| ५५६-३। १५ | २१००० | २८००० | | ४९००० | |
| | | जम्मा | | १०८५०० | |

| असुल गर्नुपर्ने | १,०८,५०० |
|---|---|

५६ **विवाह प्रोत्साहन खर्च**

पालिकाले विगत वर्षहरुदेखि नै २० वर्ष उमेर पूरा गरी विवाह गर्ने किशोरीहरुलाई रु.१००००/- का दरले विवाह प्रोत्साहत भत्ता उपलब्ध गराउने निर्णय गरेकोमा यस वर्ष पनि १९ जना किशोरीलाई रु.१९००००/- विवाह प्रोत्साहन भत्ता उपलब्ध गराएको पाइयो । कानूनले २० वर्ष भन्दा मुनिको उमेरमा विवाह गर्न रोक लगाएको अवस्थामा कानुनले निर्धारण गरेको उमेर भन्दा मुनीको उमेरमा विवाह गर्ने किशोरीहरुलाई दण्डित गर्नुपर्नेमा नगरी एकतर्फि २० वर्ष पूरा भएपश्चात विवाह गर्ने किशोरीलाई प्रोत्साहन उपलब्ध गराउनु नियमसंम्मत देखिएन । यस्ता कार्यमा गरिने खर्चमा सुधार तथा नियन्त्रण गरी सामाजिक सचेतनाका कार्यक्रम मार्फत सचेतना जगाउनु पर्दछ ।

५७ **गाउँपालिका करार शिक्षक**

पालिकाले पालिका अन्तरगतका देहायका विद्यालयमा ७ जना करार शिक्षक नियुक्ति गरी संघीय सरकार राजस्व बाँडफाँट शिर्षकबाट रु. १७,०४,१४९ तलव, चाडपर्व खर्च र पोसाक भत्ता बापत भुक्तानी गरेको छ ।यसमा पालिकाले विद्यार्थी शिक्षक अनुपात विश्लेषण, शिक्षाको गुणस्तर र शिक्षामा कस्तो प्रभाव परेको छ ? सो विश्लेषण गरेको देखिएन ।आन्तरिक आयको दायरा बृद्धि नगरी मागको वास्तविक विश्लेषण विना यसरी करार शिक्षक नियुक्ति गर्नु उचित देखिएन । कार्यविधि तथा मापदण्ड वेगर दरवन्दी भन्दा बाहिर करार शिक्षक नियुक्ति गर्नु नियमसम्मत देखिएन रु.

| क्र.सं. | शिक्षकको नामथर | विद्यालय | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सुवंशलाल मेहता | जनता मावि देवानगञ्ज १ | ३२५००० | |
| २ | रिताकुमारी गुप्ता | मावि देवानगञ्ज २ | १४५००० | |
| ३ | पुनमकुमारी मेहता | मावि देवानगञ्ज २ | २०५००० | |
| ४ | निरञ्जन मेहता | कृष्ण मावि देवानगञ्ज ३ | १८७९३३ | |
| ५ | सुवोधकुमार यादव | सरस्वती मावि देवानगञ्ज ७ | ३६६६०८ | |
| ६ | सुरेन्द्रकुमार उराव | जनप्रिय मावि देवानगञ्ज ७ | ३६६६०८ | |
| ७ | ब्रिजेशकुमार यादव | अमरसिँह मावि देवानगञ्ज ५ | ६३००० | |
| ८ | पुजाकुमारी यादव | अमरसिँह मावि देवानगञ्ज ५ | ४५००० | |
| जम्मा | | | १७०४१४९ | |

| अनियमित भएको | १७,०४,१४९ |
|---|---|

५८ **ठेक्का नं. ०१-८०।८१ भवन, पण्डित भगवति जे.भी**

कार्यालयले १६ कोठे विद्यालय भवन निर्माण कार्यमा प्रदेश समपुरक कोषबाट यस वर्ष रु.९५ लाख बजेट विनियोजन गरेकोमा सवै रु.९५ लाख खर्च लेखेको छ । उक्त निर्माण कार्यको सम्झौता रकम रु.२३३६३३२१।० रहेकोमा प्रदेश सरकारबाट ५० प्रतिशत अर्थात रु.११६८१६६०।० मात्र भुक्तानी गर्नुपर्नेमा विगत वर्ष र यस वर्ष समेत जम्मा रु.१४७६८०६३।० भुक्तानी भएको देखिन्छ । पालिकाको साझेदारी रकमको स्रोत सुनिश्चितता भएतापनि खर्च अनुसार साझेदारी भएको देखिएन । अत पालिकाले काम हुन बाँकी रकम पालिकाबाट नै खर्च गर्ने सुनिश्चित गरी ५० प्रतिशत भन्दा बढी प्रदेश तर्फ खर्च भएको रकम रु.३०८६४०३।० प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ३०,८६,४०३ |
|---|---|

५९ **कृष्ण आधारभूत विद्यालय व्यवस्थापन खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिका शिक्षा चालु अन्तर्गत पालिकाले बजेट नै विनियोजन गरी गोश्वरा भौचर नम्बर ३ मिति २०८१।०८।१६ गते कृष्ण आधारभूत विद्यालय व्यवस्थापन खर्चबाट सो विद्यालयको विधुत महशुल रु.१५०००० भुक्तानी भएको छ । विद्यालयमा संघीय सशर्त अनुदान तर्फबाट समेत विद्यालय सञ्चालन तथा व्यवस्थापन खर्च भुक्तानी हुने गरेकोमा पालिकाले पुन विद्युत महशुल भुक्तानी गर्नु उचित देखिदैन । अत पालिकाले वास्तविक खर्च अवस्था र कार्यविधि तयार गरेर मात्र यस्तो खर्च गर्ने परिपाटी विकास गर्नुपर्दछ ।

६० **अमरसिंह मा.वि. विद्यालय भवन निर्माण**

पालिकाले विद्यालय भवन निर्माण कार्य ( ठेक्का नं. ५-७९।८०) को लागि निर्माण व्यवसायी श्री तनविर एण्ड व्रदर्श विल्डर्स एण्ड कन्स्ट्रक्सन प्रा.ली.सँग मिति २०८०।८।३० मा सम्पन्न गर्ने गरी मिति २०८०।१।१२ मा रु.१०८१९२१५।० को खरिद सम्झौता गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

६०.१ **फरक शिर्षक —** पालिकाले उक्त निर्माण कार्यको रकम संघीय सशर्त अनुदान चालु तर्फको शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शिर्षकबाट यस वर्ष रु.२५१२१०८।० खर्च लेखेको छ । निर्माण कार्यको रकम संघीय सशर्त अनुदान तर्फबाट भुक्तानी दिन मिल्ने आधार संलग्न गरी पालिकाबाट नियमित गरी संघीय अनुदान रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,१२,१०८ |

६०.२ **विमा वापत रकम भुक्तानी —** कार्यालयले उक्त निर्माण कार्यमा विमा वापत निर्माण व्यवसायीलाई रु.४६३३०।० भुक्तानी गरेकोमा लेखापरीक्षणको क्रममा विमा सम्बन्धि कागजात पेश नभएकोले विमा वापतको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४६,३३० |

६१ **काजगात पेश गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहायबमोजिमको भुक्तानीमा उक्त खर्च पुष्ट्याई गर्ने प्रमाण कागजात लेखापरीक्षणको क्रममा पेश नगरेकोले खर्च पुष्ट्याइको प्रमाण कागजात पेश गर्नुपर्ने रु.

| भौ.नं. | भुक्तानी लिनेको नाम | रकम | कैफयत |
|---|---|---|---|
| १०२ | सुनसरी युथ कन्स्ट्रक्सन प्रा.ली. | ८८३२८ | |
| १६-६।१८ | सिताराम यादव | ७१००० | न्यायिक सेवा शुल्क |
| | जम्मा | १५९३२८ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५९,३२८ |

६२ **विद्युत प्राधिकरणको खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नेपाल विद्युत प्राधिकरणलाई गत वर्षको दायित्व बाँकी रु. ४४४२०११।० र यस वर्षको रु.३५००००००।० समेत जम्मा रु.३९४४२०११।० भुक्तानी दिएको छ । पालिका अन्तर्गत सातै वडामा विद्युत सिँचाई गर्ने कार्यको लागि पालिका र नेपाल विद्युत प्राधिकरणविच भएको सम्झौता अनुसार लाग्ने लागतको ५० प्रतिशत रकम भुक्तानी गरेको कार्यालयले जनाएको छ । संलग्न श्रेस्ता अनुसार नेपाल विद्युत प्राधिकरणले रकम माग गरेको पत्र मात्र संलग्न गरेको आधारमा रकम भुक्तानी दिएको देखिन्छ । लेखापरीक्षणको क्रममा विद्युतीकरण सम्बन्धमा नेपाल विद्युत प्राधिकरणसँग भएको समझदारी पत्र, भुक्तानी गर्ने अवधि र प्रक्रिया, निर्माण अवस्था र सो को प्रगति लगाएतको कागजात माग भएतापनि पेश नभएकोले विद्युत प्राधिकरण सँगको सम्झौता अनुसार नै रकम भुक्तानी भएको तथा विद्युत प्राधिकरणबाट समेत सोही अनुसार कार्य

भए नभएको सम्बन्धमा एकिन हुन सकिएन । अतः पालिका र विद्युत प्राधिकरण वीचको सम्झौता, भुक्तानी गर्ने विधि, निर्माण कार्यको समग्र प्रगति अवस्था लगाएत खर्च पुष्टयाईको प्रमाण पेश गर्नुपर्ने रु.

| कार्यक्रम | भौचर नं. | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| गत वर्षको दायित्व | ४३-७।४ | नेपाल विद्युत प्राधिकरण इनरुवा | ४४४२०११ |
| सातै वडामा विद्युत सिचाई गर्ने कार्य | १३९-३।१९ | | ३५०००००० |
| | जम्मा | | ३९४४२०११ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९४,४२,०११ |

## ६३ पूँजीगत शिर्षकबाट चालु खर्च

एकीकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा पुँजीगत शिर्षकमा विनियोजित बजेटबाट चालु खर्च गर्न नपाउने उल्लेख छ । कार्यालयले यस वर्ष पुँजीगत बजेट शिर्षकमा बजेट विनियोजन गरी देहायबमोजिम चालु खर्च गरेको देखियो । पुँजीगत शिर्षकबाट चालु खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु.

| भौ.नं. | बजेट शिर्षक | खर्च शिर्षक/कार्यक्रम | खर्च रकम |
|---|---|---|---|
| ३, २०८१।६।१५ | गत वर्षको दायित्व भुक्तानी | ल्यावटेष्ट रकम भुक्तानी | ३०००० |
| ५, २०८१।६।१५ | गत वर्षको दायित्व भुक्तानी | रेडियो कार्यक्रम सञ्चालन | ३५०००० |
| १४-२०८१।६।१८ | गत वर्षको दायित्व भुक्तानी | विवाह प्रोत्साहन भत्ता | १०००० |
| १६-२०८१।६।१८ | गत वर्षको दायित्व भुक्तानी | न्यायिक सेवा वापतको शुल्क | ७१००० |
| २३-२०८१।६।२१ | गत वर्षको दायित्व भुक्तानी | विवाह प्रोत्साहन भत्ता | १०००० |
| २४-२०८१।६।२१ | गत वर्षको दायित्व भुक्तानी | दशै पर्वा मनाउने खाना, खाजा खर्च | २५०००० |
| २९-२०८१।६।२२ | गत वर्षको दायित्व भुक्तानी | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ३९९९१० |
| ४७-७।३० | गत वर्षको दायित्व भुक्तानी | कक्षा ८ परिक्षा सञ्चालन | २९९७०० |
| ५४-९।२ | समपुरक कोष | लक्ष्मी पुजा, अष्टयान किर्तन र कुस्ति तथा सांस्कृतिक कार्यक्रम | ३००००० |
| ६०-९।१७ | समपुरक कोष | वडा दशैं तिहार छठ शुभकामना आदान प्रदान वडा नं. ४,५,६ | २१०००० |
| ६४-९।१८ | समपुरक कोष | पुजापाठ, भजन कृतनमा खाजा खाना | २००००० |
| ६५-९।२९ | समपुरक कोष | दुर्गा पुजा, सांस्कृतिक कार्यक्रम, कलश यात्रामा खाना खाजा | १५०००० |
| ८४-१०।२२ | समपुरक कोष | मेयर कप सञ्चालन | २५०००० |
| ८७-११।११ | वडा नं. ७ को रामजानकी मन्दिरमा मुर्ति स्थापना उद्घाटन तथा ग्रिल लगाउने कार्य | विवाह पञ्चमी रामायण पाठ र अष्टायम हरिकिर्तन कार्यक्रममा मसलन्द खाना खाजा | ४००००० |
| | जम्मा | | २९३०६१० |

| | |
|---|---|
| अनियमित भएको | २९,३०,६१० |

६४ **परामर्श तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस कार्यालयले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।

| क्र.सं. | कामको विवरण | परामर्शदाता | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| १ | देवानगंज गा.पा.को सातै वडामा बोरिङ्ग तथा मोटर पम्प खरिद वितरणको लागि डिपिआर | माँ योगिनि इन्जिनिरिङ्ग कन्सल्टेन्सी | ४६३३०० | ठेक्का लागेको |
| २ | देगानगंज गा.पा. वडा नं. ३ स्थित निर्माण हुने कृषि बजार पूर्वाधार निर्माण तथा निरन्तरता | सिभिकल इन्जिनियरिङ्ग प्रा.ली. | ६७८००० | ठेक्का लागेको |
| ३ | वडा नं. ४ देखि उत्तर वडा नं. ६ को वरगाछि जिरगुवा जोड्ने बाटो निर्माण | भाइव्रेन्ट ग्रीड इन्जिनियरिङ्ग प्रा.ली. | ४९३२४५ | ठेक्का लागेको |

६४.१ **लागत अनुमान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ अनुसार सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्स, सम्बन्धित क्षेत्रगत शर्त, वा सोही प्रकृतिको खरिद कार्यमा लागेको वास्तविक लागतलाई आधार लिइ लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष परामर्शबाट खरिद गरेका कार्यक्रमको लागत अनुमान तयार गर्दा उक्त आधार नलिइ पालिकाबाट विनियोजित वजेटलाई नै विभिन्न क्षेत्रमा छुट्याइ लागत अनुमान तयार गरेको देखियो । जसबाट लागत अनुमान यथार्थपरक भएकोमा एकिन हुन सकिएन ।

६४.२ **प्रस्ताव मुल्याङ्कन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७१ मा प्रस्ताव माग गर्ने र नियम ७६ मा प्रस्ताव मुल्याङ्कन गर्ने सम्बन्धि व्यवस्था छ । पालिकाले यस वर्ष परामर्श सेवा खरिद गरेका कार्यक्रमको लागि प्रस्ताव माग गरी खरिद गरेको देखिएता पनि संलग्न श्रेस्ता अनुसार उक्त प्रस्तावको प्राविधिक मुल्याङ्कन नगरी सोझै आर्थिक प्रस्तावको आधारमा खरिद सम्झौता भएको देखियो । जसबाट परामर्शदातासँग तोकीएको कार्य गर्न सक्षम सम्बन्धित जनशक्ति तथा प्राविधिक क्षमता भए नभएको सम्बन्धमा एकिन हुन सकिएन र पेश भएको प्रतिवेदन गुणस्तरिय भएको मान्न सकिएन ।

६४.३ (५३-2081-08-26):

**सामाग्री खरिदमा डिपिआर** — पालिकाले यस वर्ष गाउँपालिकाको सातै वडामा बोरिङ्ग र मोटर पम्प खरिद कार्यको लागि डिपिआर तयार गरेको उल्लेख गरी परामर्श दाता श्रीमाँ योगिनि इन्जिनिरिङ्ग कन्सल्टेन्सी रु.४६३३००।० खर्च लेखेको छ । पेश भएको डिपिआर अनुसार केकति मात्रामा सामाग्री आवश्यक पर्ने तथा त्यसको लागत केकति हुने लगाएतको विवरण समेत उल्लेख नगरी डिपिआर प्रतिवेदन पेश भएको छ । सामाग्री खरिदमा डिपिआर गर्नुपर्ने आधार, उक्त डिपिआरको प्रयोजन र प्रयोग सम्बन्धमा समेत एकिन हुन सकिदैन । यसरी सामाग्री खरिदमा डिपिआर वापतको रकम भुक्तानी गर्न मिल्ने आधार सहितको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,६३,३०० |

६५ **वेश कोर्षको भुक्तानी** (21-2081-06-20):

कार्यालयले यस वर्ष विभिन्न ठाउँको बाटो मर्मत कार्यको लागि निर्मला कन्स्ट्रक्सनसँग सम्झौता गरी सोझै विधिबाट खरिद गरी रु.९८२२५५।० भुक्तानी गरेको छ । संलग्न श्रेस्ता अनुसार निर्माण कार्यमा विभिन्न ठाउँमा सडकको खाल्डो पुर्ने कार्यको लागि सववेश रुखुपर्नेमा वेश राखेको उल्लेख गरी सोही अनुसार नापी किताब तयार गरेको छ । बेशको कार्य पश्चात अनिवार्य रुपमा सो माथिको कार्य गर्नुपर्ने अन्यथा बेशको कार्यको औचित्य नहुने अवस्था रहन्छ । अत ओभर लेको कार्य नगर्ने अवस्थामा सववेश मात्र गर्नुपर्नेमा पालिकाले उक्त निर्माण कार्यमा २५९.८१ घ.मी. बेश कोर्षको कार्य गरेको उल्लेख गरी रु.३२७५।० दरले रु.८५०८७८।० भुक्तानी गरेको पाइयो । सोही ठाउँमा सववेश गरेको अवस्थामा रु.२७५७.३७ दरले रु.७१६३९२।० मा निर्माण कार्य सम्पन्न हुने देखिन्छ । जसबाट पालिकालाई रु.१३४४८६।० बढी व्ययभार परेको देखिएकोले कार्यालयले मितव्यायिता कायम हुने गरी खर्च गर्नेतर्फ जोड दिनुपर्दछ ।

त्यस्तै सोही सडकमा ग्राभेल विच्छ्याउने कार्यको लागि उक्त दरमा नै निर्माण व्यवसायीले वेश/सववेशको कार्य गर्नुपर्नेमा ७ घण्टा डोजर चलाएको उल्लेख गरी रु.१६४५०।० भुक्तानी गरेकोले उक्त रकममा मुअकर समेत हुने रु.१८५८९।० सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,५८९ |

६६ **बजेट विनियोजन** (2-2081-06-18):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार सरकारी रकमको खर्च गर्दा बजेट र कार्यक्रमको सिमाभित्र रही गर्नुपर्ने र नियम ४१(क) अनुसार विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सिमा भित्र रही अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले अधुरो लक्ष्मी मन्दिर निर्माण कार्यको लागि आर्थिक वर्ष २०८०।८१ मा रु.३०००००।० मात्र बजेट विनियोजन गरेको अवस्थामा आगामी वर्षमा रु.२२५०००।० भुक्तानी गर्ने गरी रु.५२५०००।० को लागत अनुमान तयार गरेको छ । सोही अनुसार विगत वर्षमा नै निर्माण कार्य सम्पन्न गरेको आधारमा यस वर्ष बजेट विनियोजन गरी रु.२२४३१५।० भुक्तानी गरेको देखियो । बजेट विनियोजन नभएको अवस्थामा नै लागत अनुमान तयार गरेको तथा यस वर्ष भुक्तानि बाँकीको कच्चावारी तयार नगरी बजेट किताबमा नै योजना समावेश गरी रकम भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,२४,३१५ |

६७ **फिल्ड भत्ता**

आर्थिक वर्ष २०८१।८२ मा स्थानीय तहवाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु संचालन सम्वन्धी मार्गदर्शनमा स्थानीय तहका स्वास्थ्य शाखाका कर्मचारीको पारिश्रमिक शीर्षकबाट कर्मचारीहरुको तलब, महंगी भत्ता, स्थानीय भत्ता, पोषाक बाहेक अन्य शिर्षकमा रकम विनियोजन गर्न पाइने छैन भनि उल्लेख गरेको छ । साथै उक्त मार्गदर्शनमा पूण खोप सुनिश्चितता र दिगोपनाका लागि व्यवस्थापन खर्च भनि शीर्षक हुँदापनि पालिकाले मासिक रुपमा निम्नानुसारका कर्मचारीलाइ मासिक रुपमा फिल्ड भत्ता वितरण गर्दै आएको देखिन्छ । यसरी दोहोरो भुक्तानी रकम सम्वन्धितबाट असुल गर्नुपर्ने रु

| सिनं | पद | कर्मचारीको नाम | रकम |
|---|---|---|---|
| १ | अधिकृत छैठौँ | पुनम यादव | २०७६० |
| २ | अधिकृत छैठौँ | दिलिप कुमार मण्डल | २०७६० |
| ३ | सहायक पाँचौ | पारस कुमार भगत | १८००० |
| ४ | सहायक पाँचौ | आरती तत्मा | १८००० |
| ५ | सहायक पाँचौ | चिनिया खातुन | १८००० |
| ६ | सहायक पाँचौ | मनोज कुमार मेहता | १८००० |
| ७ | सहायक पाँचौ | सरीता कुमारी यादव | १८००० |
| ८ | सहायक पाँचौ | अरुण कुमार मेहता | १८००० |
| ९ | सहायक पाँचौ | दिपेश कुमार मेहता | १८००० |
| १० | सहायक पाँचौ | प्रभु नारायण मेहता | १८००० |
| ११ | सहायक पाँचौ | सुशिला कुमारी मेहता | १८००० |
| १२ | सहायक चौथो | सत्य नारायण मण्डल | १४४०० |
| | | **जम्मा** | **२१७९२०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१७,९२० |

६८ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना

उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले देहायका विभिन्न फर्मसँग रु.१२,६७,०५८।० को औषधि खरिद गरेको देखिन्छ।

| क्र.सं. | सप्लायर्सको नाम | रकम | बजेट उपशिर्षक |
|---|---|---|---|
| १ | हेल्पिङ हेल्थ पोली क्लिनिक प्रा लि | ८९२८०४ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद(संघ ससर्त) ( E BID मार्फत खरिद गरेकव) |
| २ | हेल्पिङ हेल्थ पोली क्लिनिक प्रा लि | ३७४२५४ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद(संघ ससर्त) सोझै खरिद |
| | जम्मा | १२६७०५८ | |

आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

६९ **निशुल्क पाठ्यपुस्तक अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ को क्रियाकलाप नं २.४.६.१ अनुसार IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत संचालित सामुदायिक विद्यालयका कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागी स्वीकृत दररेटका आधारमा हिसाब गरी अनुदान उपलब्ध गराउने, यसरी उपलब्ध गराएको अनुदानबाट विद्यार्थीले शैक्षिक सत्रको सुरुवातमै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गर्ने र पाठ्यपुस्तकको उपलब्धता र वितरणको प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाईमार्फत शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष पाठ्यपुस्तक खरिद तथा वितरण गर्न रु ३१,५९,४४०। विद्यालयहरुलाई निकासा दिएको छ। विद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको सम्वन्धमा पालिकाले अनुगमन गरेको देखिदैन । साथै पाठ्यपुस्तकको उपलब्धता र वितरणको प्रतिवेदन तयार गरेको पाइएन । कार्यक्रम कार्यान्वयन पुस्तिकाले व्यवस्था गरेअनुरुप पालिकाले प्रतिवेदन तयार गरिनुपर्दछ ।

७० **एकमुष्ट अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं.२.७.१३.१३ अन्तर्गत ९.९ मा शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका र सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को परिच्छेद ३ का आधारमा समायोजन वा एकीकरण हुनुपर्ने विद्यालयमा नपर्ने सामुदायिक विद्यालयहरुलाई मात्र करार सम्झौता अनुसार कार्य सम्पादन गर्ने शर्तमा वार्षिक एकमुष्ट रु. १०,००,०००।– निकासा दिने व्यवस्था छ । साथै वार्षिक एकमुष्ट अनुदानबाट विद्यालय संञ्चालन गर्न कार्यविधि २०७६ को बुँदा नं. ८ मा व्यवस्था भए बमोजिम योग्यता पुगेका दुई जना शिक्षक, एक जना बालकक्षा शिक्षक र एक जना विद्यालय सहयोगीको लागि पारिश्रमिक खर्च र विद्यालय व्यवस्थापन, शैक्षिक सामग्री विकास र विद्यालय सुधार योजनामा आधारित रही शैक्षिक सुधारका लागि आवश्यक पर्ने खर्चको लागि प्रस्ताब तायार गरी बुँदा नं. ९ मा व्यवस्था भए बमोजिम विद्यालय व्यवस्थापन समितिबाट उक्त प्रस्ताव स्वीकृत गराई अनुदान रकम खर्च गर्ने व्यवस्था छ । पालिकामा रहेका निम्नानुसारका विद्यालयले एकमुष्ट अनुदानबाट पारिश्रमिक नदिइ सशर्त अनुदानबाट पारिश्रमिक पाउने कर्मचारी राखेको नियमसम्मत नदेखिएको।

| विद्यालयको नाम | कर्मचारीको पद | रकम |
|---|---|---|
| पशुपति आधारभुत विद्यालय | वाल विकास | १३०००० |
| हरिशिब आधारभुत विद्यालय | कार्यालय सहयोगि | १०८००० |
| शिव दलित आधारभुत विद्यालय | कार्यालय सहयोगि | १०८००० |
| गणेश आधारभुत विद्यालय | वाल विकास | १३०००० |
| जम्मा | | ४, ७६ , ००० |

| अनियमित भएको | ४,७६,००० |
|---|---|

७१ **व्यावहारीक अभ्यास खर्च**

कार्यक्रम कार्यन्वयन पुस्तिका २०८१।८२ क्रियाकलाप नं २.७.१३.५० अन्तर्गत प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदान अन्तर्गत प्राविधिक धार संचालन गरेका (९-१२) का विद्यालयलाई प्रतिविद्यर्थी वार्षिक रु १५०००। का दरले अनुदान दिनसक्ने साथै प्राविधिक धार अन्तर्गत अध्ययनरत विद्यार्थीले तोकिएको कक्षामा व्यावहारीक अभ्यास गर्न व्यवहारिक अभ्यास कार्यान्वयन निर्देशिका,२०७३ बमोजिम कक्षा १० पछि ३ महिना, कक्षा ११ पछि ३ महिना र कक्षा १२ पछि ६ महिनाको व्यवहरिक अभ्यास गराउनुपर्ने उल्लेख छ ।त्यसरी प्राप्त रकम विद्यालयले विद्यार्थीलाई निर्वाह खर्च बापत प्रति महिना १ हजारका दरले सम्वन्धित विद्यार्थीको खातामा जम्मागर्नुपर्ने उल्लेख छ । अमर मा.वि.ले कक्षा (९-१२) मा अध्यनरत १२१ जना विद्यार्थीको प्रति विद्यार्थी १५०००।- का दरले जम्मा रु १८,१५,०००।०० निकासा लिएकोमा व्यहारिक अभ्यासमा संलग्न कक्षा १०,११ र १२ का क्रमश: २९,४६ र ४६ जना विद्यार्थी मध्ये क्रमश: १५,१५, र ७ जनाको क्रमश: ३,३ र ६ महिनाको मासिक रु १००० का दरले हुनआउने जम्मा रु १,३२,०००।-बैंकमा दाखिला गरेको प्रमाण पेश भएको देखिएन । उक्त प्रमाण पेश हुनु पर्दछ ।

| प्रमाण पेश नगरेको | १,३२,००० |
|---|---|

७२ **सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ क्रियाकलाप नं २.७.१३.१० विद्यालय संचालन तथा व्यवस्थापन अनुदान अन्तर्गत सामाजिक लेखापरीक्षण र आर्थिक लेखा परीक्षण बापत माध्यमिक तहका विद्यालयलाई वार्षिक रु १५,०००। र आधारभूत विद्यालयलाई वार्षिक रु.१०,०००।÷ अनुदान दिने व्यवस्था छ । साथै विद्यालयले आर्थिक लेखा परीक्षण स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराउने र सो को प्रतिवेदन स्थानीय तहमा पठाउनुपर्ने उल्लेख छ । पालिकाले पालिका भित्रका ६ माध्यमिक र २३ आधारभूत विद्यालयलाई आर्थिक वर्ष २०८१।८२ मा रु २,४०,०००।०० अनुदान निकासा गरेको पाइयो । समयमा नै समाजिक परीक्षण र आर्थिक परीक्षण नगराउनु यसको कारण हो ।यसवाट पालिकाले यस आर्थिक वर्षमा निकासा गरेको अनुदान रकम विद्यालयले आम्दानी जनाए नजनाएको विषयमा यकिन हुन सकिएन । सामुदायिक विद्यालयले पालिकाको अन्तिम लेखापरीक्षण हुनु भन्दा पहिले नै आर्थिक लेखापरीक्षण गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नु पर्दछ ।

७३ **दिवा खाजा**

कार्याक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ को क्रियाकलाप नं २.७.११.१ मा सामुदियिक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्माका विद्यार्थीलाई दिवा खाजा व्यवस्थापन गर्न आर्थिक वर्षको सुरुमै IEMIS मा समावेश भएका विद्यार्थी संख्यालाई आधार मानेर त्रैमासिक रुपमा अनुदान भुक्तानी गर्ने व्यवस्था छ । जसकोलागि स्थानीय तहले प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यायलहरुमा एकरुपता कायम हुने गरी खाजाको मेनु तयार गरी विद्यालयकै कर्मचारी वा अभिभावकबाट वा विद्यालय बाहिरबाट क्यान्टिनको व्यवस्था गरी खाजा खुवाउने व्यवस्था गर्नुपर्ने तथा प्रत्येक त्रैमासिक निकासा गर्दा अगाडी निकासा भएको

अनुदानको सदुपयोग भएको सुनिश्चित गर्ने र विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको स्थानीय तहले निरीक्षण गर्नुपर्ने व्यवस्था छ। साथै सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र स्थानीय तहले अनुगमनमा जादा अनुगमन निरीक्षणमा खटिएका व्यक्तिले उक्त पुस्तिकामा राय सुझाब उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकामा रहेका २१ सामुदायिक विद्यालयहरुलाई दिवा खाजा बापत रु ७०,९३,८१५।- अनुदान निकासा भएकोमा पालिकाले समय समयमा सामुदायिक विद्यालयमा अनुगमन गरी सुझाव दिएको पाइएन । यसवाट सामुदायिक विलालयले विद्यार्थीहरुलाई गुणस्तरीय दिवा खाजा खुवाएको छ भनि विश्वस्त हुन सकिएन । पालिकाले प्रत्येक विद्यालयमा दिवा खाजाको अनुगमन गरी विद्यालयलाई सुझाव दिनुपर्दछ ।अत: आगामी दिनमा कार्यक्रम कार्यान्वियन पुस्तिकाको पालना गरी दिवा खाजा कार्यक्रम संचालन गर्नुपर्दछ ।

७४ **पेश्की जमानत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा निर्माण व्यवसायीले पेश्की रकम खाम्ने गरी र निजले सम्झौता बमोजिम काम नगरेमा सो निकायले अनुरोध गरेपछी तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने गरी बाणिज्य बैंकबाट जारी गरेको बैंक जमानत पेश गरी पेश्की उपलब्ध गराउने र नियम १२० अनुसार म्याद थप गर्दा पेश्की जमानत समेत अद्यावधिक गराउनु पर्ने व्यवस्था छ । पालिकाले विगत वर्षदेखि सम्झौता गरी म्याद थप नगरी अधुरो रहेका तर पेश्की फस्योंट गर्न बाँकी रहेको तथा पेश्की जमानतको म्याद समेत समाप्त भएका देहायबमोजिमका निर्माण कार्यको रु.५२९६४२८।० पेश्की जोखिममा परेको छ । अत पेश्की भुक्तानी लिई निर्माण कार्य नगर्ने परिपाटीको अन्त्य गर्दै भुक्तानी भएको पेश्की रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| ठेक्का नं. | निर्माण व्यवसायी | पेश्की रकम | पेश्की जमानतको म्याद | कैफियत | |
|---|---|---|---|---|---|
| ८-७८।७९ सडक | सुन्दर्भ कन्ष्ट्रक्सन प्रा.ली. | ६८५८५४ | २०७९।२।२९ | विगत वर्षमा लगति | २५०००० कट्टी |
| ९-७८।७९ सडक | सुन्दर्भ कन्ष्ट्रक्सन प्रा.ली. | १८१११६ | २०७९।२।२९ | विगत वर्षमा लगति | ४०७७० कट्टी |
| १०-७८।७९ सडक | सुन्दर्भ कन्ष्ट्रक्सन प्रा.ली. | २२९९०० | २०७९।२।२९ | विगत वर्षमा लगति | |
| १२-७६।७७ भवन | सुन्दर्भ कन्ष्ट्रक्सन प्रा.ली. | १०९०००० | २०७८।१०।२९ | विगत वर्षमा लगति | |
| ०१-७८।७९ सडक | ए.एस. कन्ष्ट्रक्सन | ९०४१९६ | २०७९।२।६ | | |
| ०२-७८।७९ सडक | ए.एस. कन्ष्ट्रक्सन | ४६५००० | २०७९।१०।२२ | | |
| ०२-७८।७९ सडक | ए.एस. कन्ष्ट्रक्सन | ६२१२९९ | २०७९।२।६ | | |
| ०४-७८।७९ सडक | ए.एस. कन्ष्ट्रक्सन | ३९५००० | २०७९।१०।२२ | | |
| ०४-७८।७९ सडक | ए.एस. कन्ष्ट्रक्सन | ५३९००८ | २०७९।२।६ | | २९५००० कट्टी |
| ०३-७९।८० भवन | श्री तानविर एण्ड ब्रदर्श कन्ष्ट्रक्सन प्रा.ली. | १८५०५५ | २०८०।४।१२ | | |
| जम्मा | | ५२९६४२८ | | | |
| विगतको लगति बाहेकको रकम रु. | | ३१०९५५८ | | | |

| प्रमाण पेश नगरेको | ३१,०९,५५८ |
|---|---|

७५ **बेस कोर्सको भुक्तानी**

Standard Specification of road and Bridge works को बुँदा नं. १३०२ मा प्राइम कोट, ट्याककोटको कार्य गर्दा धुलो रहित हुनुपर्ने तथा तयार पारीएको सर्फेशमा सवारी साधन चलाउन निषेध गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहायबमोजिमका योजनामा विगत वर्षमा नै बेस कोर्ष वापत रु. ६१७४३२७।० भुक्तानी गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा थप कुनै पनि कार्य गरेको देखिएन । जसबाट बेस कोर्षको कार्य गरेकोमा १ वर्ष भन्दा बढी अवधिसम्म पनि प्राइमकोट तथा ट्याककोटको कार्य नगरी लामो समयसम्म त्यसै छाड्दा उक्त बेशकोर्ष विग्रने तथा उक्त क्षेत्रमा सवारी साधन पनि गुडीरहेकोले थप क्षति समेत हुने हुँदा प्राइमकोट, ट्याककोट तथा पिचको कार्य गर्दा उक्त वेशकोर्ष सच्याएर मात्र रकम भुक्तानी गरेको प्रमाण पेश गर्नुपर्दछ ।

| ठेक्का नं. | निर्माण व्यवसायी | काम | भुक्तानी परिमाण | भुक्तानी रकम |
|---|---|---|---|---|
| ०७-७८।७९ | ए.एस कन्स्ट्रक्सन | देवु घर दक्षिण पश्चिम — भिखो सन्तकुमार ... बाबुन्दन सडक निर्माण | ९२५.६६ | २१९६५९१ |
| ०४-७८।७९ | ए.एस कन्स्ट्रक्सन | साविक रासी ४ स्थास्थ्य चौकी देखि ... सतेरझोल सीमाना जाने बाटो | ११३३.२८ | २२६९१७६ |
| ०३-७९।८० | त्रिपल आई विल्डर्स प्रा.ली. | देवानगंज ३ उमेश भागतको घर देखि पाचौ सिमर स्कुलसम्म बाटो | ६३० | १७०८५६० |
| | | जम्मा | | ६१७४३२७ |

७६ **पालिकाको साझेदारी**

तराई मधेश समृद्धी कार्यक्रम सञ्चालन निर्देशिका, २०७९ को बुँदा नं. ५(१) मा आयोजना सञ्चालनको लागि कार्यक्रमको तर्फबाट अधिकतम ७० प्रतिशत र स्थानीय तहको न्युनतम ३० प्रतिशत लागत साझेदारी रहने उल्लेख छ । पालिकाले यस वर्ष योग भवन निर्माण कार्य (ठेक्का नं. २-८१।८२) को लागि साहेवगञ्ज कन्स्ट्रक्सन प्रा.ली.सँग रु.२८५४१७७।० (मुअकर समेत) को खरिद सम्झौता गरेकोमा तराई मधेश समृद्धी कार्यक्रमको तर्फबाट यस वर्ष रु.२४८३०५०।० खर्च लेखेको देखियो । निर्देशिका अनुसार कार्यक्रमबाट जम्मा लागतको ७० प्रतिशत अर्थात रु.१९९७९२४।० मात्र खर्च लेख्नुपर्नेमा रु.२४८३०५०।० खर्च लेखेको छ । कन्टेन्जेन्सी खर्च वापतको रकम सबै पालिकाबाट खर्च भएकोल कार्यालयले जनाएको । अतः पालिकाले निर्माण गर्न बाँकी रु.३७११२७।० स्थानियतहबाट नै भुक्तानी गर्ने सुनिश्चित गरी कन्टिन्जेन्सी खर्च समेत जम्मा खर्चबाट कार्यक्रम तर्फको बढी भुक्तानी रकम एकिन गरी रु.४८५१२६।० सम्बन्धित निकायमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८५,१२६ |

७७ **कार्यसम्पादन जमानत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० अनुसार कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार निर्माण अवधि समाप्त भएका तथा बाँकी रहेका देहायबमोजिमका ठेक्काको कार्यसम्पादन जमानतको म्याद समाप्त भएको देखिएको जमानतको म्याद थप गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| ठेक्का नं. | निर्माण व्यवसायी | जमानत रकम | जमानतको म्याद |
|---|---|---|---|
| ६-७८।७९ | भुमी ए.एस. जे.भी. | ६९००००० | २०८२।३।१ |
| ६-७८।७९ | भुमी ए.एस. जे.भी. | ९६०००० | २०८२।३।१ |
| ८-७८।७९ सडक | सुन्दर्भ कन्ष्ट्रक्सन प्रा.ली. | १९५३००० | २०८१।३।२५ |
| ९-७८।७९ सडक | सुन्दर्भ कन्ष्ट्रक्सन प्रा.ली. | ४२५००० | २०८१।३।२५ |
| १०-७८।७९ सडक | सुन्दर्भ कन्ष्ट्रक्सन प्रा.ली. | १६३०००० | २०८१।३।३० |
| १२-७६।७७ भवन | सुन्दर्भ कन्ष्ट्रक्सन प्रा.ली. | १५६०००० | २०७८।४।१३ |
| ०१-७८।७९ सडक | ए.एस. कन्ष्ट्रक्सन | ५११००० | २०८२।५।१५ |
| ०१-७८।७९ सडक | ए.एस. कन्ष्ट्रक्सन | ३१३४००० | २०८२।५।१५ |
| ०४-७८।७९ सडक | ए.एस. कन्ष्ट्रक्सन | ४८८२०० | २०८२।५।१५ |
| ०४-७८।७९ सडक | ए.एस. कन्ष्ट्रक्सन | ३१८५२०० | २०७८।१२।२५ |
| ०६-७९।८० सडक | फर्हान एण्ड फराज कन्ष्ट्रक्सन | ३३७५६३ | २०२५ जनवरी १३ |
| | जम्मा | २१०८३९६३ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१०,८३,९६३ |

## ७८ अधुरा ठेक्का

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम सम्झौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद सम्झौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण नगरी एकमुष्ट रुपमा कार्यपालिकाबाट निर्णय गर्ने गरेको तर सो पश्चात अन्य कार्यवाही गर्ने नगरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप नगरी अधुरो अवस्थामा रहेका निर्माण कार्य सम्बन्धि विवरण अनुसुचीमा समावेश गरिएको छ । कार्यालयले अधुरा निर्माण कार्य सम्पन्न गर्ने तर्फ आवश्यक कारबाही गर्नुपर्दछ ।

| ठेक्का नं. | निर्माण व्यवसायी | ठेक्का अवधि (म्याद थप समेत) | सम्झौता अंक | हालसम्म भुक्तानी |
|---|---|---|---|---|
| ६-७८।७९ | भुमी ए.एस. जे.भी. | २०७९।११।३० देखि २०८०।७।३० | २१४३४०६८ | २००८५८११ |
| ८-७८।७९ सडक | सुन्दर्भ कन्ष्ट्रक्सन प्रा.ली. | २०७८।८।१६ देखि २०७८।११।२५ | ६८५८५४८ | १०१३३५६ |
| ९-७८।७९ सडक | सुन्दर्भ कन्ष्ट्रक्सन प्रा.ली. | २०७८।८।१६ देखि २०७८।११।३० | १८११११६१ | ३६७८१३ |
| १०-७८।७९ सडक | सुन्दर्भ कन्ष्ट्रक्सन प्रा.ली. | २०७८।८।१६ देखि २०७८।११।३० | ६६९४२६६ | २१४१८७० |
| १२-७६।७७ भवन | सुन्दर्भ कन्ष्ट्रक्सन प्रा.ली. | २०७७।३।२४ देखि २०७९।३।३० | १४०७१०९२ | ० |
| ०१-७८।७९ सडक | ए.एस. कन्ष्ट्रक्सन | २०७८।७।१० देखि २०७९।११।२५ | १०२१७४१६ | ४१११५३३ |
| ०२-७८।७९ सडक | ए.एस. कन्ष्ट्रक्सन | २०७८।७।१० देखि २०७९।११।२५ | ६७२३४३१ | ५५९७४० |
| ०४-७८।७९ सडक | ए.एस. कन्ष्ट्रक्सन | २०७८।७।१० देखि २०७९।११।२५ | ९७६३२९८ | ४४४५००२ |
| ०३-७९।८० सडक | त्रिपल आई विल्डर्स प्रा.ली. | २०७९।८।२८ देखि २०८०।२।२५ | १०७९५४३६ | ४४५६७४८ |
| ०६-७९।८० भवन | फर्हान एण्ड फराज कन्ष्ट्रक्सन | २०८०।१।२४ देखि २०८१।८।३० | १९९४००६ | ११४१२६८ |
| ०८-७९।८० भवन | शान्ती निर्माण सेवा | २०८०।२।१० देखि २०८१।८।३० | ६७७६४५२ | २०७५२१५ |
| ०३-७९।८० भवन | श्री तानविर एण्ड ब्रदर्श कन्ष्ट्रक्सन प्रा.ली. | २०८०।१।१२ देखि २०८०।८।३० | ५५३७६७३ | ४६६६६२८ |
| ०५-७९।८० सडक | त्रिपल आई विल्डर्स प्रा.ली. | २०७९।८।२८ देखि २०८१।३।३१ | ४८५३७०३ | ० |

७९ **विमा नगरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा बीस लाख रुपैयाभन्दा बढिको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पुर्ण प्रतिस्थापन हुने खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ । पालिकाबाट यस वर्ष बीस लाख रुपैयाँभन्दा बढिका निर्माण कार्य गराएकोमा नियमानुसार बीमा गराएको देखिएन। निर्माण कार्यको बीमा गराई सम्भावित क्षति तथा जोखिमको व्यवस्थापन गराई नियमावलीको कार्यान्वयन गर्नु पर्दछ । केहि उदाहरणहरु

| ठेक्का नं. | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता रकम | वीमा वापत कबोल रकम |
|---|---|---|---|---|
| २-८१।८२ | योग भवन निर्माण | साहेवगञ्ज कन्स्ट्रक्सन | २८५४१७७ | |
| १-८१।८२ | सरस्वती स्कुल वडा नं. ४ देखि उत्तर वडा नं. ६ को बरगाछी जिरगुगा जोड्ने बाटो | भगवति कन्स्ट्रक्सन | १६३७३८४८ | ७५००० |
| ३-८१।८२ | कृषि बजार पूर्वाधार निर्माण | भगवति कन्स्ट्रक्सन | २२३६४४३७ | ५०००० |

८० **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

८१ **इन्डक्सन चुल्हो सुधारिएको चुल्हो र गोवर ग्यास कार्यक्रम**

८१.१ (142-2082-03-21):
पालिकाले इन्डक्सन चुल्हो सुधारिएको चुल्हो र गोवर ग्यास कार्यक्रममा विनियोजित बजेटमा बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँगको सम्झौता अनुसार देहायबमोजिमको सामाग्री खरिद गर्ने गरी बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रलाई रु.६९९९४३८।० भुक्तानी गरेको छ ।

| क्र.सं. | सामाग्री विवरण | परिमाण | दर | जम्मा रकम | बैकल्पिक उर्जा केन्द्रको साझेदारी | पालिकाको साझेदारी | लाभग्राहीको साझेदारी |
|---|---|---|---|---|---|---|---|
| १ | सुधारिएको चुलो | १००० | ५९८७.८७ | ५९८७८७० | ४७९०२९६ | ८९८१८० | २९९३९४ |
| २ | विद्युतिय चुलो | ३४३२ | ३७६७.४२ | १२९२९७८५ | ७४९९२७५ | २४५६६५९ | २९७३८५१ |
| ३ | घरायसी वायोग्याँस ४ घ.मी. | २५ | ६१२४६ | १५३११५० | ११६३६७४ | १५३११५ | २१४३६१ |
| | | | | २०४४८८०५ | १३४५३२४५ | ३५०७९५४ | ३४८७६०६ |

यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

८१.२ **सामाग्री प्राप्ति र दाखिला -** लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार सो अवधिसम्म जम्मा १००० थान फलामको सुधारिएको चुल्हो मात्र पालिकामा प्राप्त भइ जिन्सी दाखिला गरेको देखियो । साथै अन्य सामाग्री बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले खरिद गरेको तर पालिकासम्म प्राप्त हुन नसकेको जनाएकोमा लेखापरीक्षणको

क्रममा ३४३५ थान इन्डक्सन चुलो कार्यालयमा प्राप्त भइ मिति २०८२।९।२२ मा कार्यालयमा जिन्सी दाखिला गरेको छ । कार्यालयले सामाग्री प्राप्त भए पश्चात मात्र भुक्तानी गर्ने व्यवस्था गर्नुपर्दछ ।

८१.३ **साझेदारी रकम** - बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र पालिका बिच भएको समझदारी पत्र अनुसार केन्द्र, पालिका र लाभग्राही बिच माथि उल्लेखित रकम अनुसारको साझेदारी हुनुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष केन्द्रलाई पालिकाको रु. ३५०७९५४।० र लाभग्राहीको साझेदारी रकम रु. ३४८७६०६।० समेत रु.६९९९४३८।० भुक्तानी गरेकोमा लाभग्राहीबाट रकम लिएको देखिएन । यस सम्बन्धमा पालिकाले सामाग्री प्राप्त भए पश्चात वितरणको क्रममा लाभग्राही एकिन गरी सोही अनुसार साझेदारी रकम असुल गरेर मात्र वितरण गरिने जनाएको छ । केन्द्रसँग सम्झौता गर्नुपुर्व नै सामाग्रीको आवश्यकता, लाभग्राहीको आवश्यकता, लाभग्राही छनौट गरी सोही अनुसार साझेदारी वापतको रकम सम्बन्धितबाट लिएर मात्र भुक्तानी गर्नुपर्नेमा सो गरेको देखिएन । अत कार्यालयले उपभोक्ताको साझेदारी रकम सम्बन्धित उपभोक्ताबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,८७,६०६ |

८१.४ **वितरण —** कार्यालयमा माथि उल्लेखित सम्झौता बमोजिम लाभग्राही छनौट गरी वितरण गर्ने गरी प्राप्त भएको १००० थान चुल्हो समेत पालिकामा मौज्दात राखेको देखियो । सुधारिएको चुलो विद्युतिय चुलो र घरायसी बायो ग्याँस को सम्पूर्ण सामाग्री प्राप्त भए पश्चात लाभग्राही छनौट गरी वितरण गरिने जनाएको छ । पालिका प्राप्त सामाग्री समयमा नै सम्बन्धित लाभग्राहीलाई वितरण गर्नुपर्दछ ।

८२ **कृषि मोटर खरिद**

८२.१ कार्यालयले यस वर्ष कृषि सिचाईको लागि मोटर खरिद कार्यक्रम अन्तर्गत प्रदेश सशर्त अनुदान तर्फबाट बोलपत्र विधिबाट ४८७ थान मोटर सेट लागत अनुमानमा ५६.६३% घटी कवोल गरेको आधारमा विडिएस नेपालबाट रु. ७७९२२३८।४१ मा खरिद गरेकोमा उपभोक्ताको लागत साझेदारी बाहेक रु.३८९६११९।० खर्च लेखेको छ । सोही मोटरको लागि आवश्यक पर्ने मोटर वेण्ड र निप्पल खरिद समेत बोलपत्र विधिबाट खरिद गर्नुपर्नेमा नगरी सोझै विधिबाट खरिद गरी लागत अनुमानको १.०४% घटी कबोल गरेको आधारमा अलटेक नेपाललाई रु.६६९४४१।० भुक्तानी गरेको देखियो । सार्वजनिक खरिद ऐन नियमावली अनुसार प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुनेमा पालिकाले टुक्रा पारी सोझै खरिद गर्दा पालिकालाई मोटर वेण्ड र निप्पल खरिदमा बोलपत्र विधिभन्दा रु.३२९३८९।० (मुअकर बाहेक) वढी व्ययभार परेको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,२९,३८९ |

८२.२ **पुनः खरिद -** कोशी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी भएको आ.व. २०८१।८२ को अन्तर-सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शनको बुँदा नं. २० अनुसार प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण भएको सशर्त र समपुरक अनुदान मार्फत सञ्चालन हुने योजना/कार्यक्रमको एक ठेक्का बन्दोबस्त भइसकेपछि बचत रकमबाट पुनः ठेक्का लगाउन नपाइने तथा वचत रकम सम्बन्धित प्रदेश लेखा इकाई मार्फत प्रदेश सरकारमा फिर्ता गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष सालो ट्युवेल तथा मोटर जडान कार्यको लागि प्रदेश सशर्त अनुदान प्राप्त गरेकोमा वोलपत्र विधिबाट ३६४ थान सामाग्री खरिद गरेकोमा ठेक्काबाट बचत रकमबाट कार्यपालिकाको मिति २०८२।२।२३ को निर्णयअनुसार थप १२३ वटा मोटर खरिद गरी रु.१९६७९५९।० खर्च लेखेको छ । यसरी मार्गदर्शन भन्दा फरक पारी पालिकाबाट खरिद गरी रकम खर्च लेख्नु उचित नदेखिएको उक्त खर्च रकम नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १९,६७,९५९ |

८३ **समपुरक अनुदान**

पालिकामा यस वर्ष संघीय समपुरक अनुदान अन्तर्गत सरस्वती स्कुल वडा नं. ४ देखि उत्तर वडा नं. ६ को बरगाछी जिरगुगा जोड्ने बाटो निर्माण कार्यको लागि रु.७५०००००।० बजेट विनियोजन भएकोमा रु.७५०००००।० नै खर्च भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

८३.१ (4-2081-09-04):
**समपुरक अनुदानमा डिपीआर** - समपुरक अनुदान सम्बन्धि कार्यविधि, २०७७ को बुँदा नं. ४(३) मा समपुरक योजना माग गर्दा उक्त योजनाको लागत अनुमान, सम्भाव्यता अध्ययन, ड्रइङ, डिजाइन, स्पेशिफिकेशन लगायतको विवरण पेश गर्नुपर्ने उल्लेख छ । त्यस्तै बुँदा नं. ९ मा प्राप्त अनुदान सम्बन्धित कार्यमा मात्र खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष समपुरक अनुदान अन्तर्गत सरस्वती स्कुल वडा नं. ४ देखि उत्तर वडा नं.

६ को वरगाछी जिरगुगा जोड्ने बाटो निर्माण योजनामा विनियोजित बजेटबाट उक्त योजनाको लागि डीपीआर निर्माण गरी भाइव्रेन्ट ग्रीड इन्जिनियरिङ्ग प्रा.ली. लाई रु.४९३२४५।० खर्च लेखेको छ । समपुरक योजना माग गर्दा नै लागत अनुमान सम्भाव्यता अध्ययन, ड्इङ्ग डिजाइन पेश गर्नुपर्ने उल्लेख भएकोमा कार्यालयबाट योजना छनौट भई आएपश्चात उक्त रकमबाट डिपिआर गरी खर्च लेख्नु उचित नदेखिएको उक्त खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९३,२४५ |

८३.२ साथै समपुरक अनुदानमा कार्यविधि अनुसार पालिकाले ५० प्रतिशत साझेदारी गर्नुपर्नेमा सो नगरेकोले डिपिआर निर्माण वापतको रकममा ५० प्रतिशतले हुने रकम रु.२४६६२२।० संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४६,६२२ |

८३.३ **पालिकाको साझेदारी** - समपुरक अनुदान सम्बन्धि कार्यविधि, २०७७ को बुँदा नं. १(६) मा समपुरक अनुदान रकम सम्बन्धित निकायको मागको आधारमा कुल लागतको अधिकतम ५० प्रतिशत मात्र उपलब्ध गराउने उल्लेख छ । त्यस्तै अनुदान उपलब्ध गराउँदा चौमासिक प्रगतिको आधारमा उपलब्ध गराउने साथै निर्माण कार्य सम्पन्न भए पश्चात कार्यसम्पन्न प्रतिवेदनको आधारमा मात्र अन्तिम किस्ता अनुदान उपलब्ध गराउने उल्लेख छ । पालिकाले यस वर्ष सरस्वती स्कुल वडा नं. ४ देखि उत्तर वडा नं. ६ को बरगाछी जिरगुगा जोड्ने बाटो निर्माण कार्यको लागि निर्माण व्यवसायी श्री भगवति कन्ष्ट्रक्सनसँग रु.२०२०७०८०।० को लागत अनुमानको आधारमा मिति २०८३।३।२५ सम्म सम्पन्न गर्ने गरी रु.१६३७३८४८।० को खरिद सम्झौता गरेको छ । उक्त निर्माण कार्यमा हालसम्म संघीय समपुरक अनुदान तर्फबाट मात्र जम्मा रु.७००६७५५।० भुक्तानी भएको छ । समपुरक अनुदान कार्यविधि अनुसार कार्यप्रगतिको आधारमा अनुदान उपलब्ध गराउने र कार्यसम्पन्न पश्चात मात्र अन्तिम किस्ता भुक्तान गर्नुपर्नेमा पालिकाले संघीय बजेट मात्र यस वर्ष खर्च गरेको देखिन्छ । साथै यस वर्ष पालिकाले उक्त योजनामा बजेट विनियोजन नगरेकोले कार्यपालिकाको मिति २०८१।९।१६ को निर्णयानुसार उक्त योजनामा आगामी वर्षमा बजेट विनियोजन गर्ने सुनिश्चितता गरेको देखिन्छ । समपुरक योजना स्थानीय तहको मागको आधारमा मात्र छनौट हुनेमा पालिकाले सम्बन्धित आर्थिक वर्षमा बजेट नै विनियोजन नगरी योजना माग गरेको देखिन्छ र पालिका तर्फबाट खर्च गरेको समेत देखिएन । अत कार्यविधि भन्दा फरक पर्ने गरी संघीय समपुरक अनुदाबाट मात्र खर्च गरेको देखिएकोले पालिकाको साझेदारी वापतको रकम भुक्तानी भएको देखिने प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३५,०३,३७८ |

८४ **खरिद व्यवस्थापन**

८४.१ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

८४.२ **वोलपत्र कागजात तथा सम्झौता —** पालिकाले लेखापरीक्षणको क्रममा वोलपत्र सम्बन्धित कागजात (Bid Document) तथा निर्माण व्यवसायीसंग भएको सम्झौताको सर्त अनुसारको सम्झौता कागजात उपलब्ध नगराएको कारण सो सम्बन्धमा अध्ययन गर्न तथा सर्त पालना गरेको सम्बन्धमा एकिन हुन सकिएन ।

८४.३ **डि.एल पि.अभिलेख -** सार्वजनिक खरिद नियमावलीको नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्इङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीवाट जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी.मा रहेका ठेक्काको अभिलेख

राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीबाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको एकिन गर्ने सक्ने अवस्था रहेन। अतः यसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

८४.४ **कार्य सम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटी सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटी देखिएमा सार्वजनिक निकायले सोको एकीन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ। त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यालयले सो अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

८४.५ **गुणस्तर परिक्षण -** सार्वजनिक खरिद तथा निर्माण संझौता कार्यान्वयन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित विभिन्न ठेक्काहरुमा प्रयोग हुने निर्माण सामाग्रीहरु रड, सिमेन्ट, गिट्टी, बालुवा, ढुङ्गा, जि.आई.वायर तथा क्युब समेतको गुणस्तर परीक्षण ठुला केहि ठेक्काहरुमा गरेको प्रमाण पेश भए पनि अधिकांश साना ठेक्काहरु र उपभोक्ता समितिहरुबाट भएका निर्माण कार्यको परीक्षण भएको पाइएन । जसबाट सार्वजनिक निर्माणमा प्रयोग भएका सामाग्रीहरु तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्तता हुन सक्ने अवस्था छैन ।

८५ **च्यानेज (CHAINAGE) नखुलेको**

कार्यालय अन्तर्गतका निम्न सडकहरुको विभिन्न स्थानमा फरक निर्माण व्यवसायीहरुबाट कार्य गराएको पाइयो । उक्त सडकको विभिन्न स्थानमा बोलपत्र, शिलबन्दी दरभाउ पत्र र सोझै खरिद विधिबाट सडक निर्माण तथा मर्मत सम्बन्धी कार्य गराएको पाइयो । यसरी एकै सडकको फरक फरक स्थानमा निर्माण तथा मर्मत कार्य गराउँदा चेनेज खुलाई लागत अनुमान तयार गर्नु पर्नेमा सो गरेको पाइएन । यसरी चेनेज तथा कार्य स्थल नखुलाएको कारण निर्माण कार्यको OVER LAPPING भई दोहोरो नापी हुन सक्ने, एउटा निर्माण व्यवसायीको दायित्व भित्रको कार्य अर्को निर्माण व्यवसायीबाट भई भुक्तानी हुने सम्भावना रहन्छ । कार्यालयबाट सञ्चालित योजनाहरुको कार्यस्थलको DEMARCATION तथा चेनेज नखुलेको कारण सडकको फरक फरक खण्डमा कार्य भए नभएको एकिन गर्न सकिएन । यस तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

८६ **प्राकृतिक स्रोतको रोयल्टी**

कोशी प्रदेश आर्थिक ऐन, २०८० को दफा ७(१), अनुसूची-५ बमोजिम पालिकाले प्रदेश सरकारले तोकेको ढुङ्गा, गिट्टीको लागि रु.७ प्रति घन फिट र बालुवा लगायतका निर्माण समाग्रीमा रु.६ प्रति घन फिटका दरले रोयल्टी असुल गर्नु पर्नेमा गरेको पाइएन। कार्यालयले ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट लागयतका स्थानिय निर्माण सामाग्रीहरुको रोयल्टी संकलनका लागि ठेक्का समेत लगाएको छैन। विभिन्न योजनाहरुमा स्थानीय खोलानाला र खानीहरुबाट संकलन गरिएको निर्माण सामाग्री प्रयोग गरेको पाईएको हुँदा सो बापतको रोयल्टी रकम गणना गरी असुल गर्नु पर्नेमा गरेको पाइएन । पालिकाबाट विभिन्न योजनामा प्रयोग भएको निर्माण सामाग्री बापतको रोयल्टी रकम एकिन गरी असुल गर्नु पर्दछ ।

८७ **फरक नर्म्सको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सम्बन्धित विभागिय नर्म्सको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले सडक निर्माण कार्यमा सडक विभागबाट स्वीकृत गरेको नर्म्स अनुसार दर विश्लेषण गर्दा पिसिसि १:२:४को कार्यको लागि प्रति घ.मी. रु.११२३७।४५ हुनेमा कार्यालयले भवनको नर्म्स प्रयोग गरी भुक्तानी गरेको छ । जस अनुसार यस वर्ष सोझै विधिबाट खरिद गरेका देहायबमोजिमको निर्माण कार्यबाट कार्यालयलाई रु.४६१८०६।० व्यायभार परेको देखिन्छ । अत

कार्यालयले जुन निर्माण कार्य गरेको हो सोही विभागीय नर्म्स प्रयोग गरी निर्माण कार्य गराउने तर्फ ध्यान दिनुपर्दछ ।

| भौ.नं. | कार्यक्रम | निर्माण व्यवसायी/आपुर्तक | कामको परिमाण | भएको दर | बढी दर | मु.अ.कर समेत बढी व्यायभार |
|---|---|---|---|---|---|---|
| ११ वडा नं. २ | साविक ९ विश्वकर्मा मन्दिर देखि पश्चिम जाने वाटोमा RCC ढलान कार्य | आयान कन्स्ट्रक्सन | ३४.६८ | १५४७५ | ४२३८ | १६६०८० |
| ९वडा नं. ५ | वडा नं. ५ ढलवी पंडितको घर देखि भक्त पंडितको घर सम्मको बाटो ग्राभेल र RCC ढलान कार्य | आरुष विल्डर्स एण्ड निर्माण सेवा | १३.७३ | १६८०० | ५५६३ | ८६३०९ |
| ११ | वडा नं. ५ राजेश मरिको घरदेखि दक्षीण कलानन्द मण्डलको घरसम्म RCC ढलान कार्य | ओमेगा मल्टी ट्रेड एण्ड कन्स्ट्रक्सन सप्लायर्स प्रा.लि. | १९.५ | १६८०० | ५५६३ | १२२५८१ |
| १९ वडा नं. ५ | पंकजपाल घरदेखि हुलाकी राजमार्गसम्म RCC ढलान कार्य | आरुष विल्डर्स एण्ड निर्माण सेवा | १३.६३ | १६८७५ | ५६३८ | ८६८३६ |
| | | जम्मा | | | | ४६१८०६ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : देवानगञ्ज गाउँपालिका, सुनसरी , देवानगन्ज गाउँपालिका , सुनसरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुधिर साफी | २०८१-३-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | श्री इन्द्र कुमार श्रेष्ठ | २०७८-४-१ | २०८१-५-७ |
| लेखा प्रमुख | बिन्देश्वर यादव | २०८१-६-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | इन्द्र कुमार श्रेष्ठ | २०७८-३-७ | २०८१-५-७ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४,४०२,३९७ | २२,३६२,०८९ | ७४,२७७,०७० | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १०१,०४१,५५६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ५६,६८० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १००,९८४,८७६ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २२८८४६०१.५५ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३२९१२२२५० | चालु खर्च | २८६१४८३४१.७ |
| प्रदेश सरकारबाट अनुदान | २८९५३००० | पूँजीगत खर्च | १५२९७५८२० |
| राजश्व बाँडफाँट | ९०६०३४८४.०३ | वित्तीय/अन्य व्यवस्था | २०१४७३२८८.९ |
| आन्तरिक आय | २९०१४९८१.६७ | | |
| अन्य आय | १६०८७३४१०.०७ | | |
| कुल आय | ६३८५६७१२५.७७ | कुल खर्च | ६४०५९७४५०.६ |
| बाँकी मौज्दात | | २०८५४२७६.७२ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ९,३४,९०,८८९.५१ | ० | ९,३४,९०,८८९.५१ | ८,६८,६८,४०१.५४ | ० | ८,६८,६८,४०१.५४ |
| १३००० | अनुदान | | ३२,९९,६२,४६८.१८ | ० | ३२,९९,६२,४६८.१८ | ३३,१७,२८,३५६.७५ | ० | ३३,१७,२८,३५६.७५ |
| १४००० | अन्य राजस्व | | २,५०,४९,२१८.८० | ० | २,५०,४९,२१८.८० | २,९०,०६,९८०.५१ | ० | २,९०,०६,९८०.५१ |
| क | कुल जम्मा प्राप्ति | | ४४,८५,०२,५७६.४९ | | ४४,८५,०२,५७६.४९ | ४४,७६,०३,७३८.८० | | ४४,७६,०३,७३८.८० |
| ३ | चालु | | २८,६१,४८,३४१.६६ | ० | २८,६१,४८,३४१.६६ | २७,०६,९३,८५५.८८ | ० | २७,०६,९३,८५५.८८ |
| २१००० | पारिश्रमिक / सुविधा | | १६,६३,५१,७८३.८१ | ० | १६,६३,५१,७८३.८१ | १५,७७,५३,०८६.९३ | ० | १५,७७,५३,०८६.९३ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १०,६६,४८,४४३.२८ | ० | १०,६६,४८,४४३.२८ | १०,१३,४८,२०४.९५ | ० | १०,१३,४८,२०४.९५ |
| २५००० | सहायता (Subsidy) | | १२,४५,३५०.०० | ० | १२,४५,३५०.०० | ४८,९१,९७६.०० | ० | ४८,९१,९७६.०० |
| २७००० | सामाजिक सुरक्षा | | ५९,२६,९९५.०० | ० | ५९,२६,९९५.०० | ६४,१४,६२०.०० | ० | ६४,१४,६२०.०० |
| २८००० | अन्य खर्च | | ५९,७५,७६९.५७ | ० | ५९,७५,७६९.५७ | २,८५,९६८.०० | ० | २,८५,९६८.०० |
| ४ | पूंजीगत | | १५,२९,२५,८२०.०० | ० | १५,२९,२५,८२०.०० | २०,८२,४५,४५४.४२ | ० | २०,८२,४५,४५४.४२ |
| ३१११० | भवन तथा संरचना | | ३,३४,४८,१५२.०० | ० | ३,३४,४८,१५२.०० | २,४१,५७,७६८.३९ | ० | २,४१,५७,७६८.३९ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | १७,०३,१०१.०० | ० | १७,०३,१०१.०० | ४०,२२,३९५.७३ | ० | ४०,२२,३९५.७३ |
| ३११४० | सुरक्षा उपकरण | | ५,९५,४७२.०० | ० | ५,९५,४७२.०० | ७,९८,९८०.०० | ० | ७,९८,९८०.०० |
| ३११५० | सार्वजनिक | | ११,५९,५१,६८२.०० | ० | ११,५९,५१,६८२.०० | १७,९२,६६,३१०.३० | ० | १७,९२,६६,३१०.३० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | निर्माण | | | | | | | |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | १२,२७,४१३.०० | ० | १२,२७,४१३.०० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ४३,९०,७४,१६१.६६ | | ४३,९०,७४,१६१.६६ | ४७,८९,३९,३१०.३० | | ४७,८९,३९,३१०.३० |
| ग) | बचत /कमी (ग = क-ख ) | | ९४,२८,४१४.८३ | | ९४,२८,४१४.८३ | (३,१३,३५,५७१.५०) | | (३,१३,३५,५७१.५०) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-) | | (१,३४,२७,१९१.४७) | | (१,३४,२७,१९१.४७) | (१,१६,६०,३०५.०८) | | (१,१६,६०,३०५.०८) |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -३,२८३.०० | | -३,२८३.०० | (१,१८,७०९.००) | | (१,१८,७०९.००) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (३९,९८,७७६.६४) | | (३९,९८,७७६.६४) | (४,२९,९५,८७६.५८) | | (४,२९,९५,८७६.५८) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | २,३५,४८,१८७.५५ | | २,३५,४८,१८७.५५ | ६,६५,४४,०६४.१३ | | ६,६५,४४,०६४.१३ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | १,९५,४९,४१०.९१ | | १,९५,४९,४१०.९१ | २,३५,४८,१८७.५५ | | २,३५,४८,१८७.५ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चितगर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्योट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- पालिकामा निर्माणाधीन अस्पताल समयमै सम्पन्न गर्नुपर्दछ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।